मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**मिडिया काउन्सिल विधेयक राष्ट्रियसभाबाट पारित**



समाचार पृष्ठ ५ मा

● वर्ष ३ ● अंक ९३ ● २०८१ साल माघ २९ गते मंगलबार ● Tuesday 11, February 2025 ● सूर्योदयः बिहान ६:४५ बजे ● सूर्यास्तः साँझ ५:५४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# विपक्षीद्वारा सरकारको आलोचना सत्तापक्षद्वारा बचाउ

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको विशेष समयमा विपक्षी दलहरुले प्रदेश सरकारको आलोचना गरेका छन् भने सत्ताधारी दलका प्रदेश सभाका सदस्यले सरकारको बचाउ गरेका छन् । प्रदेश सभा बैठकमा बोल्दै सत्ताधारी दलका प्रदेश सभा सदस्यहरुले विगतको सरकारका कारण अहिले पनि समस्या देखा परेको भन्दै सरकारको बचाउ गरे भने विपक्षी दलका प्रदेश सभा सदस्यहरुले सरकारले सात महिनामा केही पनि काम नगरेर केबल सस्तो लोकप्रियताका लागि विभिन्न प्रकारको हत्कण्डा अपनाएर स्टन्टबाजीमा मात्रै लिप्त रहेको भन्दै सरकारको आलोचना गरे ।

प्रदेश सभाको विशेष समयमा बोल्दै नेकपा एमालेका प्रदेश सभा सदस्य दीपेन्द्र ठाकुरले अस्पतालहरुको अनुगमन गरेर मुख्यमन्त्रीले सस्तो लोकप्रियताका लागि मात्रै कार्य गरिरहेको भन्दै बरु नीतिगत सुधार गरेर यसलाई मन्त्रालयगत हिसाबले अनुगमन गर्न आवश्यक रहेको औँल्याए । उनले प्रदेश सरकारले आफ्नो मातहतमा रहेका निकायलाई सक्रिय पारेर त्यसअनुसारले अनुगमन गर्नुपर्नेमा जोड दिए । ठाकुरले प्रदेश सरकारले धेरै ऐन बनाए पनि ती ऐनहरु कार्यान्वयन हुन नसकेको बताउँदै यसलाई कार्यान्वयनमा जोड दिए । उनले कतिपय विधेयक प्रदेश सभामा आउँदा कपिपेष्ट गरेर मात्रै आउने गरिएको बताउँदै सरकारले विज्ञहरु राखेर ल्याउँदा उचित हुने बताए ।

नेपाली कांग्रेसका प्रदेश सभा सदस्य कुंवरकान्त झाले अस्पताल अनुगमन गरेर मुख्यमन्त्रीले राम्रो काम गरेको भन्दै सरकारलाई धन्यवाद दिए । उनले अस्पताल विनादर्ता सञ्चालनमा रहेको र यसले धेरै समस्या निम्त्याउने र कतिपय अवस्थामा बिरामीको ज्यान लिने गरेको भन्दै सरकारले देखाएको सक्रियताको प्रशंसा गरे ।

झाले जनकपुरसहित विभिन्न ठाउँमा इरिक्सा विनादर्ता र विनापार्किङ गरेर राख्ने गरिएको भन्दै यसमा सरकारको ध्यान जानुपर्नेमा जोड दिए । त्यसैगरी, झाले खानेपानी मन्त्रालयका सचिवले सकंल्प प्रस्तावअनुसार काम गर्न नमानेको भन्दै सचिवमाथि कारबाही माग गरे । त्यसैगरी, जसपा नेपालका प्रदेश सभा सदस्य मनिषकुमार सुमनले सरकारले कृषि विश्वविद्यालयको भवन शिलान्यास गर्न नपाएको झोकमा विश्वविद्यालय नै ठप्प पारेको भन्दै सरकारले रिसराग राखेर काम गरिरहेको भन्दै सरकारको चर्को आलोचना गरे । उनले प्रदेश सरकारले सत्तामा बसेर जनताका लागि कुनै काम नगरेको भन्दै सरकारको आलोचना गरे । उनले भने, सरकार अहिले आफैँले ल्याएको बजेटसमेत सात महिनासम्म खर्च नगरेका कारण केही काम गर्न नसक्ने सरकारका रुपमा परिचित भएकाले गौरवका आयोजनालाई पनि रिसराग राखेर बन्द गर्ने कार्यले समस्या भइरहेको बताए ।

उनले विगतमा बजेट ह्याक भयो भनेर आफैँ प्रदेश सभामा आएर बोल्ने मुख्यमन्त्रीले उच्चस्तरीय छानबिनसमेत गराउन नसक्नेले ठूलो कुरा गरिरहेको भन्दै सरकार काम नगरेर गफको जहाज उडाएर बस्दै केवल भाषणमा सीमित रहेको भन्दै व्यंग्य गरे । उनले एकजना व्यक्तिको नेतृत्वमा छानबिन गठन गरेर सरकारले गलत मानसिकता राख्दै कार्य गरिरहेको भन्दै आफैँ कृषि कलेजका सञ्चालकलाई प्रयोग गरेर विश्वविद्यालय समाप्त पार्न खोजिएको आरोप लगाए । सुमनले सरकारले गठन गरेर छानबिनको प्रतिवेदनसमेत सार्वजनिक नगर्ने तथा सोही निहुँ बनाएर विश्वविद्यालय ध्वस्त बनाउने कार्य अनुचित भएको बताए । उनले प्रदेश सभा मामिलाले समेत छानबिन गरिरहेको भए त्यसको समेत प्रतिवेदन आउनुपर्नेमा जोड दिए ।

त्यसैगरी, जनमत पार्टीका प्रदेश सभा सदस्य वसन्त कुशवाहाले विगतको सरकारले गरेको गलत कार्य सुधार गर्नमा आफूहरु केन्द्रित रहेको बताउँदै बजेट खर्च नहुनुमा सरकार दोषी नभएर कर्मचारीतन्त्र दोषी रहेको बताए । उनले सरकारले कतिपय कार्यालयका कर्मचारीको विज्ञापनसमेत गरेको भन्दै केवल सरकारको आलोचना गरेर मात्रै नहुने बताउँदै कर्मचारी अभाव पूरा भएपछि मात्रै समस्या समाधान हुने बताए ।

लोसपा नेपालका प्रदेश सभा सदस्य उपेन्द्र महतोले सरकारी कामकाजको भाषासम्बन्धी विधेयक नियोजितरुपमा फिर्ता गर्न लगाइएको भन्दै केही दलका सदस्यले 'माथिको आदेश'अनुसार विरोध गर्न लगाइएको आरोप लगाए । उनले विधेयक फिर्ता लिने कार्य गलत भएको भन्दै यसलाई छलफल गरेर समस्या समाधान गर्न सकिने बताए ।

नेकपा एकीकृत समाजवादीका प्रदेश सभा सदस्य एवम् प्रदेश मामिला समितिका सभापति रत्नेश्वर गोइतले कृषि विश्विद्यालयको विवादका विषयमा समितिले आफ्नो छानबिन कार्यलाई धेरै हदसम्म अगाडि बढाइसकेको र तत्कालीन मुख्यमन्त्रीसँग लिखित जवाफ मागिएको र त्यो आएपछि प्रतिवेदन सार्वजनिक गरिने बताए ।

नेपाली कांग्रेसका जंगीलाल यादवले असारमा मात्रै बजेट खर्च गरिने परिपाटीका कारण समस्या आएको बताउँदै यसमा सरकारको ध्यानाकर्षण गराए ।

## शून्य समयः विभिन्न समस्यामा सरकारको ध्यानाकर्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको शून्य समयमा प्रदेश सभाका सदस्यहरुले विभिन्न विषयमा सरकारको ध्यानार्कण गराएका छन् । बैठकको सुरुवातमा शून्य समयमा बोल्दै प्रदेश सभाका सदस्यहरुले शिक्षा, स्वास्थ्य, स्थानीय तहका कर्मचारीको समस्यासहित जातीय छुवाछुतका विषयमा सरकारको ध्यानार्कण गराए ।

प्रदेश सभा सदस्य किशोरी देवीले रौतहटका कतिपय माध्यमिक विद्यालयमा प्राविका शिक्षकले पढाउने गरेकामा सरकारको ध्यानाकर्षण गराइन् । उनले यसले विद्यालयमा पढ्ने विद्यार्थी गुणस्तरीय शिक्षा पाउनबाट वञ्चित भइरहेको बताउँदै सरकारले शिक्षा सुधारमा सरकारको ध्यान जानुपर्नेमा जोड दिइन् । त्यसैगरी प्रदेश सभा सदस्य ललित दासले वर्ण व्यवस्थाका कारण समाजमा विभिन्न समस्या आइरहेको बताउँदै गैरदलित र दलितबीचको विवाहमा विभिन्न समस्या जारी रहेको जिकिर गरिन् । उनले मधेशमा सबैभन्दा बढी जातीय छुवाछुत रहेको बताउँदै यसले मधेशको जनतालाई पीडित बनाउने गरिएको बताइन् । उनले मधेशमा सामाजिक, आर्थिकसहितको विकासमा जातीय र वर्ण व्यवस्था बाधक रहेको बताइन् ।

प्रदेश सभा सदस्य वीरेन्द्र सिंहले स्थानीय तहका कर्मचारी आन्दोलित भइरहेको बताउँदै उनीहरु कार्यालय ठप्प गरेर प्रदेश सभामा धर्ना दिइरहेको बताउँदै समस्या समाधान गर्न प्रदेश सरकारको ध्यानार्कण गराए । उनले मन्त्रीस्तरीय कार्यदल बनेको र कार्यदलले समेत समस्या रेखांकित गरेर समाधान गर्ने पहल गरिए पनि कार्यदलको काम कहाँ पुग्यो भन्ने नै थाहा नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराए ।

## कृषि विश्वविद्यालय ठप्प पार्ने चेतावनी



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको राजविराजस्थित मधेश कृषि विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले पठनपाठन ठप्प गर्ने चेतावनी दिएका छन् । भदौदेखि तलब, भत्ता नपाउँदा समस्या भएको भन्दै उनीहरूले विश्वविद्यालयको पठ्नपाठन एवम् अनुसन्धानका काम नगर्ने चेतावनी दिएका हुन् । माघ ३० गतेसम्ममा क्षतिपूर्तिसहित तलब, भत्ता नदिए फागुन १ गतेदेखि सम्पूर्ण कामकाज ठप्प पार्ने बताउँदै मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्रीलाई ज्ञापन दिएका छन् । पुस २८ गते भौतिकरुपमै मन्त्री भेटेर ज्ञापन बुझाउँदा पनि एक महिनासम्म सुनुवाइ नभएको उनीहरुको भनाइ छ ।

# ओलीनेतृत्वमा वाम एकता असम्भवः प्रचण्ड

*नेकपा एमालेको नेतृत्वमा केपी शर्मा ओली रहेसम्म नेपालमा कम्युनिष्ट एकता सम्भव छैन ।*




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेकपा एमालेको नेतृत्वमा केपी शर्मा ओली रहेसम्म कम्युनिष्ट पार्टीबीच एकता सम्भव नरहेको बताएका छन् । सोमबार जनकपुर विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै अध्यक्ष प्रचण्डले वामपन्थीी एकताका निम्ति पहिला पनि धेरै जोखिम उठाएर पार्टी एकता गरेको बताउँदै उनले भने, 'चुनाव सँगै मिलेर लडेकै हो, जनताले साथ पनि दिएकै हुन् तर एमालेको नेतृत्वमा केपीजी रहेसम्म नेपालमा कम्युनिष्ट एकता सम्भव छैन ।' उनले वाम एकताको विरोधी नै ओली रहेको आरोप लगाए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले सरकारमा आफूहरुको ध्यान नरहेको भन्दै जनतामा गएर जागरण ल्याइने र नयाँ किसिमले पार्टी विस्तार गर्ने अभियानमा माओवादी लागिरहेको बताए । उनले यो अभियान आफूहरुका लागि र देशका लागि जरुरी रहेको उल्लेख गर्दै भने, 'हामी पनि कहिले कांग्रेससँग, कहिले कोसँग मिल्दा उनीहरुको कल्चर हामीहरुमा पनि अलिअलि सरेको जस्तो भएको छ । हामी फेरि नुहाइधुवाइ गरेर सफा तनमनसहित जनतामा जानेछौँ ।'

'सरकारले दुई तिहाइ छ भन्ने गरेको छ । दुई तिहाइ भएको सरकारले अध्यादेशको बाटो हिँड्नै हुने थिएन । ६ दिनपछि सदन बोलाउनु छ भने ६ दिनअगाडि अध्यादेश ल्याउनेबाट नै दुई तिहाई हुँदाहुँदै पनि सरकार कति कमजोर छ भन्ने प्रमाणित गर्छ,' उनले भने, 'अहिले प्रस्तुत गरिसकेपछि त्यो रोक्नुपर्ने बाध्यता के हो भने उनीहरुसँग दुई तिहाई छैन भन्ने देखिन्छ, त्यसकारण राष्ट्रियसभामा बहुमत पुर्याउन पनि गाह्रो भएको छ ।'

उनले पार्टीको केन्द्रीय समितिको निर्णयअनुसार हुलाकी मार्ग क्षेत्रमा 'माओवादी जागरण अभियान' सञ्चालन गरिने जानकारी दिए । अभियान एक महिनासम्म सञ्चालन गरिने र यसक्रममा भाषण मात्र नभई स्थानीय बासिन्दा, नागरिक समाज, पत्रकार तथा बुद्धिजीवीसँग प्रत्यक्ष संवाद गरिने उनले बताए ।

साथै, अध्यक्ष दाहालले वर्तमान सरकारलाई राष्ट्रिय सभामा बहुमत हासिल गर्न कठिन रहेको टिप्पणी गरे । उनका अनुसार यदि जनता समाजवादी पार्टी नेपालले आफ्नो अडान नछाडे सरकारका तर्फबाट पेश गरिएका अध्यादेश पारित नहुने अवस्था सिर्जना हुनेछ । उनले वर्तमान सरकार सुशासनका पक्षमा नभइ त्यसको विरोध रोक्न गठन गरिएको आरोप लगाउँदै भने, 'यो सरकार संविधान मिचेर बनाइएको छ । दुई ठूला दल मिलेर सरकार बनाउने संवैधानिक व्यवस्था छैन ।'

अध्यक्ष प्रचण्डले जनता समाजवादी पार्टी नेपाल अहिलेसम्म भूमिसम्बन्धी या अध्यादेशसम्बन्धी विधि प्रक्रियासँग सम्बन्धित विषयमा अडिएकामा प्रशंसा गर्दै भने, 'मलाई लाग्छ, उहाँहरु अडिनुहुन्छ जस्तो लाग्छ । उहाँहरु आफ्नो मुद्दा छोडेर खाली सरकारकै निम्ति जानु हुँदैन । हुन त उहाँहरुको निर्णय आउन बाँकी नै छ । उहाँहरुले यदि आफ्नो अडान छोड्नु भएने भने राष्ट्रियसभाबाट अध्यादेश पारित नहुने स्थिति बन्नेछ ।'

अध्यक्ष प्रचण्डले यो सरकार जनता, राष्ट्र र सुशासनका पक्षमा काम गर्न नबनेको आरोप लगाउँदै भने, 'यो सरकार सुशासनविरुद्ध चलेको अभियान रोक्न बनेको हो ।

यसैले सरकारले धेरै राम्रो काम गर्ने आशा नै थिएन ।' उनले आफूले संविधानको धारा ७६ को २ अनुसार प्रधानमन्त्रीको रुपमा विश्वासको मत लिँदा असफल भएपछि ३ मा गएर ठूलो दलको सरकार बन्नुपर्नेमा त्यसलाई मिचेर यो सरकार बनेकाले यो सरकार असंवैधानिक रहेको बताए ।

अध्यक्ष प्रचण्डले यो सरकार लोकतन्त्रविपरीत रहेको बताए । 'लोकतन्त्रमा सामान्यत विशिष्ट र अपवादबाहेक पहिलो र दोस्रो दल मिलेर संसदीय लोकतन्त्र भएको ठाउँमा सरकार बनाउने चलन छैन । नजिकै भारतमा कांग्रेस र बिजेपी मिलेर सरकार बनाउने चर्चा पनि गर्दैनन्,' उनले भने, 'त्यसलाई उनीहरुले ठूलो लोकतन्त्रविरोधी मान्छन तर नेपालमा लोकतन्त्रविपरीत गठबन्धन भयो ।'

# भ्रष्टाचार रोक्न कर्मचारीको तलब भत्ता बढाउनुपर्छः मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिहंले भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीको तलब सुविधा बढाउनुपर्ने बताएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औँ वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले भ्रष्टाचार नियन्त्रण गर्न सम्बन्धित निकायले कडाइका साथ लाग्नुपर्ने बताए । उनले सदाचार, निष्पक्षता र निर्भिकताका साथै भ्रष्टाचार नियन्त्रणमा सबैले भूमिका खेल्नुपर्ने बताए ।

मुख्यमत्री सिंहले शिक्षा, स्वास्थ्य,



उद्योग, खानेपानीलगायत प्रत्येक क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको र दर्ता नभएकाले राजस्व छल्ने काम गरेकाले ती निकायलाई सरकारले करको दायरामा ल्याउनुपर्ने उल्लेख गरे । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानून फितलो भएकाले मुलुकमा भ्रष्टाचार बढेको बताए । महङ्गीअनुसार कर्मचारीको तलबभता नबढाएसम्म भ्रष्टाचार नियन्त्रण नहुने उनको भनाइ छ ।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले भ्रष्टाचार नियन्त्रणका लागि सामूहिक प्रतिबद्धता खाँचो रहेको बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका प्रमुख रामबहादुर कुरुवाङले भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा आफ्नो कार्यालयले उल्लेखनीय ढंगले आर्थिक अनियमिततासम्बन्धी मुद्दा फस्यौट गरेको जानकारी दिए ।

# नारायणी अस्पतालका पक्षमा फैसला

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नारायणी अस्पतालको मुद्दा किनारा लागेको छ । सर्वोच्च अदालतमा पाँच वर्षदेखि थन्किएको मुद्दा किनारा लागेको हो । सर्वोच्च अदालतले यसअघि निर्माण कम्पनीका पक्षमा फैसला सुनाएको थियो । उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगंजको फैसलालाई सोमबार उल्टाएको हो ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरि फुयाँल र सुनिल पोख्रेलको संयुक्त इजलाशले फैसला उल्ट्याउँदै शहरी विकास तथा भवन निर्माण विभागका पक्षमा फैसला गरेको छ । अदालतको यो फैसलासँगै अस्पतालमा ५ सय शैय्याको भवन बनाउने बाटो खुलेको हो ।

अदालतको फैसलाका कारण स्वास्थ्यकर्मी, कर्मचारीसहित सम्पूर्ण वीरगंजबासी हर्षित भएका छन् । अस्पतालका पक्षमा फौसला आएको खुशीमा वीरगंजबासीले सोमबार साँझ घण्टाघरमा दीप प्रज्ज्वलन गरेका छन् । सर्वोच्च अदालतमा पाँच वर्षदेखि थन्किएको भवन निर्माणसम्बन्धी मुद्दाको छिनोफानो लगाउन दबाब दिन नारायणी अस्पतालका डाक्टर, नर्स तथा कर्मचारी माघ १८ गतेदेखि 'सेतो एप्रोन' लगाएरै सडकमा उत्रिएका थिए ।

वीर अस्पतालपछिको देशकै शताब्दी पुरानो इतिहास भएको नारायणी अस्पतालले बागमती, मधेश प्रदेश र भारतका ३० लाख नागरिकलाई स्वास्थ्य सेवा दिइरहेको छ । अस्पतालको भवन पुरानो भएपछि नयाँ भवनका लागि प्रक्रिया अघि बढ्दा ठेकेदारले विवाद निकालेर अदालतमा मुद्दा गरेपछि भवन निर्माण रोकिएको थियो । पुरानो भवन र पुरानो प्रविधिको उपचारबाट अस्पतालाई उन्मुक्त गर्दै अत्याधुनिक भवन र उपचार पदति सञ्चालनका लागि पर्साका नागरिक समाज एक भएका थिए । उनीहरुले अदालतले टुंगो लगाइदिने अपेक्षासहित दबाबमूलक आन्दोलन गरेका थिए । उनीहरुको माग पूरा भएको छ । अब वीरगंगमा ६ सय शैय्याको नारायणी अस्पताल बन्नेमा सबै आसावादी भएका छन् ।

# बाराबाट ७ सय लिटरभन्दा बढी अवैध मदिरा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले ७०० लिटरभन्दा बढी अवैध मदिरा बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय अमलेखगञ्जलबाट खटिएको प्रहरी टोलीले जीतपुरसिमरा उपमहानगरपालिका–२१ स्थित अमलेखगञ्ज चोकमा सवारी चेकजाँचका क्रममा ठूलो मात्रामा अवैध घरेलु मदिरा बरामद गरेको हो् ।
हेटौँडाबाट वीरगंजतर्फ आउँदै गरेका विभिन्न सवारी साधन जाँच गर्दा लुकाइछिपाइ राखिएको २५ पोका र ५ ग्यालनमा रहेको ७५० लिटर अवैध मदिरा फेला पारेको हो । बरामद मदिराको बजार मूल्य करिब ७५,००० रुपैयाँ रहेको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । अवैध मदिरा नियन्त्रणलाई कडाइका साथ निरन्तरता दिने प्रहरीको प्रतिबद्धता रहेको छ ।



**महादेवको प्रतिमा:** सर्लाहीको हरिवन नगरपालिका–४, पटौनामा रहेको गणेश मन्दिर परिसरमा धार्मिक पर्यटन प्रवद्र्धनको लागि निर्माण गरिएको १८ फिट अग्लो महादेवको प्रतिमा । पछिल्लो समय वडा कार्यालयको अग्रसरतामा यस क्षेत्रलाई धार्मिक एवं पर्यटकीय रुपमा विकास गर्ने काम भइरहेको छ । तस्बिरः सिङ्गबहादुर थापा/रासस

# मण्डल जातिको कुल देवताको पूजा गरियो

**मधेशदृष्टि**
**महोत्तरी ।**
धानुक (मण्डल) जातिको कुल देवता श्री राघो बाबाको विधिवत पूजा गरिएको छ । महोत्तरीको मटिहानीमा धानुक समुदायले आफ्नो कुल देवताको पूजा धुमधामका साथ गरेका छन् । प्रत्येक वर्ष माघ महिनामा गरिने उक्त पूजामा चामल, गुड़(मीठा) र दुधबाट बनाइएको खीर राघो बाबालाई चढ़ाउने परम्परा रहेको छ । यसमा धानुक (मण्डल) जातिको प्रत्येक परिवारबाट उक्त खीर मन्दिर परिसरमै माटोको चूल्होंमा बनाई चढ़ाउने गर्दछन् । उक्त पूजामा इच्छाएका सबै मनोकामना पूरा हुने जनविश्वास रहेको छ । मधेश प्रदेशकै सबभन्दा सुन्दर र प्रसिद्ध धानुक जातिको मंदिर रहेको मटिहानीमा राघो बाबाको दर्शन गर्न हजारौ श्रद्धालुहरुको भिड़ लागेको थियो ।

# थाइराइड जाँच गर्ने उपकरण बिग्रँदा सेवाग्राही मर्कामा

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लाको एक मात्र सरकारी अस्पताल लहानस्थित रामकुमार सारदा उमा प्रसाद मुरारका अस्पतालमा एक हफ्तादेखि थाइराइड जाँच गर्ने उपकरण बिग्रिँदा सेवाग्राही मर्कामा परेका छन् । अस्पतालमा दैनिक ३० भन्दा बढी सेवाग्राही थाइराइड जाँच गराउन आउने गरेको अस्पतालका ल्याब टेक्निसियन कासिन्द्र यादवले बताए । तर, थाइराइड जाँचका लागि प्रयोग हुने उपकरण बिग्रिएकोले विगत एक हप्तादेखि अस्पतालमा आउने लाभग्रही सेवाबाट वञ्चित हुनु परेको यादवले बताए । ल्याब टेक्निसियन यादवका अनुसार अस्पतालमा थाइराइड जाँचको सेवा शुल्क मात्र ८ सय रुपैयाँ लाग्ने भएकोले सेवाका लागि आउने धेरैजसो गरिब तथा विपन्न वर्गका मानिसलाई सहज भए पनि केहीदिन यता सेवाप्रवाहमा समस्या भएको छ ।
त्यसैगरी, थाइराइड जाँच गर्ने उपकरण समयमा मर्मत हुन नसक्दा सेवाग्राही मर्कामा परेको उनले बताए । लहान नगरपालिका–२० की कोशिला यादवका अनुसार लहानस्थित मुरारका अस्पतालमा थाइरोइड जाँचका लागि आवश्यक उपकरण बिग्रिएको र समयमा मर्मत हुन नसक्दा आफू जस्ता कयौँ गरिब मानिसहरू मर्कामा परेको दुखेसो सुनाइन् । 'अस्पतालमा थाइराइड जाँचका लागि मात्र ८ सय रुपैयाँ लाग्दछ भने अन्त निजी अस्पताल तथा क्लिनिकमा १ हजार ५ सय रुपैयाँ पर्न जान्छ,' कोशिला यादवले निन् ।
उनले भनिन्, 'हामी जस्ता विपन्न वर्गका मानिस जसले ज्याला मज्दुरी गरेर छाँक टर्छन उनीहरूले कहाँबाट ल्याउने १ हजार ५ सय रुपैयाँ । तसर्थ, अस्पताल व्यवस्थापन समितिले सक्दो छिटो उपकरण मर्मत गरी अथवा नयाँ उपकरण खरिद गरी सेवाग्राहीलाई सेवा उपलब्ध गराउन विनम्र अनुरोध छ ।'
प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्ट बिजेन्द्र साहले थाइराइड जाँच गर्ने उपकरण बिग्रिएका कारण सेवामा पर्न गएको अवरोधप्रति दुःख व्यक्त गरे । साथै उनले उपकरण एकपटक मर्मत गरे पनि पुनः बिग्रिएको हुनाले मर्मत सम्भारका लागि टेक्निसियनलाई बोलाएको र चाँडै मेसिन ठिक गराइ सेवा सुचारु गर्ने आश्वासन दिए ।

# जनप्रतिनिधि र पार्टीबीच सुमधुर सम्बन्ध आवश्यक

**चितवन ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले जनप्रतिनिधि र पार्टीबीच सुमधुर सम्बन्ध आवश्यक रहेको बताएका छन् । नेपाली कांग्रेस खैरहनी नगर समितिले गरेको बृहत् कार्यकर्ता भेटघाट तथा वनभोज कार्यक्रममा उनले कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि र पार्टीबीच समन्वय स्थापित गरी परिणाममुखी काम गर्न आग्रह गरे ।
नेपाली कांग्रेसमा तल्लो तहदेखि माथिल्लो तहसम्म सबैको हैसियत बराबर रहेको भन्दै महामन्त्री थापाले आफ्नो जिम्मेवारीअनुसार पार्टीहितमा काम गर्नुपर्नेमा जोड दिए । 'चैतभित्र क्रियाशील सदस्य नवीकरण नभए १५ औँ महाधिवेशनमा भाग लिन पाइँदैन । चैत महिनाभित्र सबै भ्रातृ सङ्गठनको अधिवेशन गर्न पार्टीले निदेशन दिएको छ, सोहीअनुसार काममा लागौँ,' उनले भने, 'अब आम निर्वाचनमा कोही कसैसँग गठबन्धन हुँदैन । जो गठबन्धनको पक्षमा हुन्छ त्यो पार्टी सदस्य हुँदैन । त्यसले अहिलेदेखि नै पार्टी सङ्गठन मजबुत बनाउन आवश्यक छ ।'
महामन्त्री थापाले वर्तमान सरकारले काम गर्न नसकेमा अर्को सरकारले सरकारबाट विकास र समृद्धिको यात्रा तय गर्न कठिन हुनेतर्फ सचेत हुनुपर्ने बताए । उनले भने, 'अहिलेको सरकारलाई जनताको अपेक्षाविपरीत काम गर्ने छुट छैन । दुई ठुला पार्टी मिलेर बनेको सरकार भएकाले यसलाई तलमाथि हुन दिनुहुँदैन ।'
कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य टेकप्रसाद गुरुङ, कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, निवर्तमान सभापति जीतनारायण श्रेष्ठ, चितवनका सचिव ध्रुव पोखे्रल, नगर सभापति गुणराज श्रेष्ठलगायतले सम्बोधन गरेका थिए ।

# नव जनजागरणले जित्यो राष्ट्रपति रनिङशील्ड

**मधेशदृष्टि**
**सर्लाही ।**
बागमतीमा सम्पन्न सातौँ राष्ट्रपति रनिङशील्ड प्रतियोगिताको उपाधि नव जनजागरण माध्यामिक विद्यालयले जितेको छ । आइतबार सम्पन्न प्रतियोगितामा १३ स्वर्ण पदक सहित नव जनजागरण माध्यामिक विद्यालयले राष्ट्रपति रनिङशील्ड हात पारेको हो । यसैगरी, ११ स्वर्णपदक जितेको जनता माध्यामिक विद्यालय प्रतियोगिताको उपविजेता र तीन स्वर्णपदक जितेको जनवाल कल्याण माध्यामिक विद्यालय तेस्रो भएको छ । प्रतियोगितामा नगरका २५ वटा सामुदायिक विद्यालय सहभागी थिए ।

# माओवादीद्वारा मधेशका इञ्चार्जहरु चयन

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा माओवादी केन्द्रले मधेश प्रदेशका आठ जिल्लामा पार्टी इञ्चार्जहरु चयन गरेको छ । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र महासचिव देव गुरुङको हस्ताक्षरसहित कार्य विभाजन गरेर सर्कुलर मातहतका कमिटीमा आइतबार पठाइएको छ ।
सर्कुलरअनुसार, मधेशको सप्तरीमा सूर्यनाथ यादव, सिरहामा अजयशंकर नायक, धनुषामा जोगकुमार बरबरिया यादव र महोत्तरीमा राजु खड्का इञ्चार्ज भएका छन् । यस्तै, सर्लाहीमा अच्यूतम काफ्ले, रौतहटमा सुरेन्द्रकुमार जैसवाल, बारामा क्षेत्रबहादुर श्रेष्ठ र पर्सामा विजयप्रसाद महतो इञ्चार्ज तोकिएका छन् ।

# कञ्चनजङ्घा आरोहणको ७० वर्षः हीरक महोत्सव हुने

**ताप्लेजुङ ।**
कञ्चनजङ्घा हिमालको पहिलो सफल आरोहण भएको ७० वर्ष पुगेको उपलक्ष्यमा 'कञ्चनजङ्घा प्याटिनम जुब्ली' २०८२ महोत्सव हुने भएको छ । आगामी २०८२ साल वैशाख ५–७ गते फक्ताङलुङ गाउँपालिका–५, लेलेपमा महोत्सव हुने भएको हो । महोत्सवका लागि विशेष 'लोगो' र नारा सार्वजनिक गरिएको छ ।
सोमबार महोत्सव संयोजन समितिले 'कञ्चनजङ्घा संरक्षण क्षेत्र, प्रकृतिको उपहार; संरक्षण क्षेत्रमा पर्यापर्यटन, समृद्धिको आधार' नारासहितको लोगो सार्वजनिक गरेको छ । लोगो सार्वजनिक गर्दै कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का कोषाध्यक्ष तथा महोत्सव संयोजन समितिका संयोजक छोवाङ शेर्पाले महोत्सवले संरक्षण क्षेत्रभित्रका प्राकृतिक सम्पदा, पर्यटन र स्थानीय संस्कृतिको प्रवद्र्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । महोत्सव कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को संयोजनमा, समृद्ध पहाड परियोजना तथा संरक्षण क्षेत्र कार्यालयसहित विभिन्न सङ्घ–संस्थाको सहकार्यमा गरिने जनाइएको छ ।
परिषद्का सदस्य सचिव मनकुमार राईका अनुसार कोशी प्रदेश सरकारसँग आर्थिक तथा कार्यक्रमगत



साझेदारीका लागि छलफल भइरहेको छ । महोत्सवमा कञ्चनजङ्घा क्षेत्रमा रहेका पर्यटकीय सम्पदाको प्रचारप्रसार, पदयात्रा प्रवद्र्धन, सांस्कृतिक कार्यक्रम, स्थानीय उत्पादन र परिकारको प्रवद्र्धनजस्ता गतिविधि समेटिने छन् । भलिबल प्रतियोगितासमेत आयोजना गरिने जनाइएको छ ।
कञ्चनजङ्घा आरोहणको ऐतिहासिक यात्रालाई सम्मान गर्दै पहिलो आरोहीहरूको परिवार तथा अन्य आरोहणकर्तालाई आमन्त्रण गरिने आयोजकले जनाएको छ ।
महोत्सवका मुख्य कार्यक्रम लेलेपमा सम्पन्न भएपछि, काठमाडौँमा राष्ट्रियस्तरको विशेष कार्यक्रम आयोजना गरिने भएको छ ।
कञ्चनजङ्घा, विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो शिखर (८,५८६ मिटर) हो । सन् १९५५ मे २५ मा बेलायती नागरिक जर्ज ब्याण्ड र जो ब्राउनले पहिलोपटक हिमालको सफल आरोहण गरेका थिए । रासस

# पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी

**काठमाडौँ ।**
पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी शुरु भएको छ । महाशिवरात्रिको तयारी स्वरुप पशुपति क्षेत्रमा सफाइ गरिएको छ । पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. मिलनकुमार थापाको नेतृत्वमा भएको सफाइमा सेना, प्रहरी, सशस्त्र प्रहरी, कोषका कर्मचारी, स्थानीय एवम् भक्तजनको पनि सहभागिता थियो । महाशिवरात्रिमा पशुपतिलाई आकर्षकरुपमा सजाउन रङरोगन गरिने कोषका सदस्य सचिव थापाले बताए । महाशिवरात्रिका लागि पशुपति क्षेत्रमा विभिन्न देवीदेवताका आकर्षक भित्ते चित्र पनि बनाइने भएको छ । त्यसको काम पनि शुरु भएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा अहिले महाशिवरात्रिको पूर्वतयारीका लागि काम भइरहेको छ ।
यसवर्ष भारतको प्रयागराजमा चलिरहेको महाकुम्भमा आएका धेरै साधुसन्त पनि आउनसक्ने अनुमान गरेर त्यसै अनुरुपका तयारी शुरु गरिएको कोष, संस्कृति संरक्षण महाशाखाका निमित्त प्रमुख इश्वर भण्डारीले बताए । महाशिवरात्रिमा पशुपतिनाथ आउने साधुसन्त प्रत्येक वर्ष बढ्ने गरेका छन् । यस वर्ष महाकुम्भकै कारण पनि साधु सन्तको संख्या बढ्ने अनुमान गरिएको छ । महाशिवरात्रिको तयारीका लागि कोष सञ्चालक परिषद्को बैठक बसी अरु तयारीका काम पनि अघि बढाइने भएको छ । प्रत्येक वर्ष महाशिवरात्रिका दिन फागुन कृष्ण त्रयोदशीमा नेपाल र भारतका विभिन्न स्थानबाट लाखौँ भक्तजन पशुपति क्षेत्रमा आउने गर्छन् । यस वर्ष फागुन १४ गते बुधबार महाशिवरात्रि पर्व परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ । रासस

# जसपाको बैठक फागुनमा हुने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय समिति बैठकको समय परिवर्तन गरिएको छ ।
यसअघिको समय परिवर्तन गरी फागुन १८, १९ र २० गते काठमाडौँमा बस्ने गरी पार्टीको केन्द्रीय समितिको बैठक आह्वान गरिएको प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।
बैठकमा भदौ महिनादेखि पार्टीले सञ्चालन गरेको 'जनतासँग जसपा नेपाल, आधारभूत सङ्गठन निर्माण अभियान' को समीक्षा हुने बताइएको छ । बैठकमा पालिका समितिको जिम्मेवारीमा खटाइएका केन्द्रीय अभियन्ताहरूले आआफ्नो कार्यक्षेत्रमा भएका कार्यप्रगति विवरणको प्रतिवेदन प्रस्तुत गर्ने छन् । त्यसैगरी वर्तमान राजनीतिक परिस्थिति र पार्टीको सङ्गठनात्मक कार्ययोजना लगायतका एजेन्डामा बैठक केन्द्रित हुने बस्नेतले बताए ।

# 'अध्यादेशबाट देश चलाउन खोज्नु गलत'

**भक्तपुर ।**
नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले अध्यादेशबाट देश चलाउन खोज्नु गलत भएको बताएका छन् । भक्तपुरमा जिपि कोइराला फाउन्डेसनले आयोजना गरेको 'गिरिजाप्रसाद कोइराला र वर्तमान राजनीति' विषयक विचार गोष्ठीमा बोल्दै उनले अध्यादेशबाट देश चलाउने संस्कारको विकास गर्न नहुने बताए ।
संसद्लाई छलेर जान खोज्यो भने त्यो निरङ्कुश हुने बताउँदै उनले दुई तिहाइको सरकारलाई अध्यादेशको जरुरी नभएकाले सं्सद्बाटै ऐन, कानून बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'अध्यादेशबाट देश चलाउने संस्कार हाम्रो होइन ।
प्रजातन्त्रमा भरसक हामीले संसद्बाटै नियम, कानुन, ऐनहरू बनाइ अगाडि जानुपर्छ ।'
कार्यक्रममा नेपाली कांग्रेसकी नेतृ सुजाता कोइरालाले राजनीति र प्रजातन्त्र बिग्रियो भने देश पनि बिग्रिने बताइन् । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय नेता, विभिन्न जिल्लाका सभापतिलगायतले आफ्ना धारणा राखेका थिए ।

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध



मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# जङ्गली बँदेल बस्तीमा पसेर बालीमा क्षति

मधेशदृष्टि
महोत्तरी ।
जङ्गली बँदेल गाउँ÷नगरका बस्तीमा पसेर बालीमा क्षति पुऱ्याउन थालेपछि जिल्लाका किसान चिन्तित भएका छन् । आहाराको खोजीमा पछिल्लो समय वनबाट गाउँबस्ती छिर्ने बँदेलको संख्या बढ्दो छ । 'हेर्नोस, हाम्रो गाउँको पुछारमा दशगजा (नेपाल भारत सीमा) नजिकका झाडीमा बँदेलका तीन÷चार पुस्ता देखिन्छन्' जलेश्वर–५ चौरियाका ७५ वर्षीय रहिमन मण्डल भन्छन्, 'यिनलाई किसानले लगाएका बाली आहारा छँदैछ, बस्न झाडी खोज्छन् , अनि किन सम्झुन् वनजङ्गल !' उनले सीमाक्षेत्रका चौरिया, पतैली, मुसरपट्टी र खैरासम्मका आफ्ना वरपरका बस्ती नजिक अब झुण्ड (समूह) मा बँदेलको स्थायी बसोबास बढेको बताए । जिल्लाको भारतसँग सीमा जोडिने पूर्व मटिहानीदेखि पश्चिमको खैरवनीसम्मको करिब ३९ किलोमिटरमम्मै बँदेल बाक्लै बस्छन् । अझ नदीउकास क्षेत्रका काँसका झाडी भएका ठाउँमा त झन बढी बँदेल देखिने गरेका खैरवनीका बासिन्दा कौशीलाल यादव बताउँछन् । यतामात्र नभएर सीमापारीका छिमेकका भारतीय बस्तीमा पनि यिनको उधुम देखिने गरेको उनको भनाइ छ । बर्दिबासदेखि १५ किलोमिटर दक्षिणको भङ्गाहा नगरपालिका क्षेत्रका सबै बस्तीमा बँदेलको आतङ्क छ । उखु नकाटिउञ्जेल त्यसैको घारीमा बस्ने बँदेल एक ठाउँको उखु काटिएपछि नजिककै अर्कोतिर बास सारेर बस्ने गरेका भङ्गाहा–४ का सामाजिक कार्यकर्ता ६५ वर्षीय मुकुन्द दाहाल बताउँछन् । बँदेलको आतङ्कले घाँसपात गर्न, खेतबारी हेरविचार गर्न र डुलफिरमा निस्कन डरमर्दो भएको दाहालको भनाइ छ । पाँच/सात वर्षअघि भर्खर वनबाट झरेका बेलामा जस्तो आक्रमण भने पछिल्लो बँदेल पुस्ताले नगर्ने गरेको दाहालको अनुभव छ । यो निरन्तर मान्छेको चहलपहलले बानी पर्दै गएर भएको हुनसक्ने यस भेगका बासिन्दा बताउँछन् । बँदेलले धेरैजसो स–साना केराका कोथा, कोवी, गहुँ, हरिया तरकारीका बोट उखेलेर खाने गरेको किसानको गुनासो छ । 'हामीले यिनको आतङ्कले पछिल्ला चार÷पाँच वर्षयता राम्ररी बाली लिन पाएका छैनौँ' रामगोपालपुर–२ मोहनपुरका मोहम्मद कादिर हुसैन भन्छन्, 'अब त यिनकै लागि बाली लगाएजस्तो भएको छ ।' बँदेलजस्तै निलगाई पनि अब जिल्लाका सुदूर दक्षिणी बस्तीसम्म बाक्लै भेटिन्छन् । नीलगाई चाही वनतिर ओहोरदोहोर गरिरहेका औरही नगरपालिका –४ बैरियाका रामस्नेही यादव बताउँछन् । 'बँदेल त यतै स्थायी रुपले बस्न थालेका छन् , नीलगाई भने यता चरेर केही दिनको फरकमा वनतिर आउनेजाने गरिरहेका बुझिन्छ' यादव भन्छन्, 'यद्यपि नीलगाई पनि ठाउँठाउँमा निकै संख्यामा देखिन्छन् ।' अब बँदेल र नीलगाई वन्यजन्तु नभएर बस्ती वरपर बसोबास गर्ने जन्तुसरह बनेका यादवसहितका सो बस्तीका बासिन्दा बताउँछन् ।
जिल्लाका १५ वटै स्थानीयतहका बस्ती वरपर अहिले बँदेल र नीलगाईको उत्पातले किसान दिक्क छन् । यिनको नियन्त्रणमा सरकारले पहलकदमी नलिएको किसानको दुखेसो छ । 'हामी स्थानीयतह, प्रहरी, प्रशासनमा हारगुहार गरेको गरै छौँ' बलवा नगरपालिकाको रौजाका मन्सुल कवारी भन्छन्, 'तर भरपर्दो कुनै उपाय खोजिएको देखिदैन ।'
खासमा जिल्लाको उत्तरीक्षेत्रका वन नजिक वरपर वन मासिँदै बस्ती बढ्दै गएसँगै यी वन्यजन्तु दपेटिएर तलतिर झर्न लागेका यहाँका पाका जन बताउँछन् । वनमा अत्यधिक मानव चहलपहल बढ्दै जानु, सिकारीको दपेटाइ बढ्नु, पानी र आहाराको कमी हुँदै जानुले वन्यजन्तु तलतिर झर्ने क्रम बढेको भङ्गाहा–५ सीतापुरका कृषिविज्ञ रामबहादुर भुजेलले बताए ।रासस

# वन्यजन्तुको बसाइ गाउँबस्ती नजिक स्थानीय जनता प्रभावित

**मधेशदृष्टि**
**महोत्तरी ।**
पछिल्लो समय जङ्गली वन्यजन्तु गाउँबस्ती वरिपरी नै रमाउन थालेका छन् । पछिल्लो एक दशकपछि गाउँबस्ती छेउछाउमा बँदेलको संख्या बढ्नेक्रम जारी छ । सुरुमा सिकारीको चहलपहल छल्न र आहाराको खोजीमा वन क्षेत्रबाट बस्ती पसेका बँदेल गाउँबस्तीमै रमाएर आफ्नो बासस्थान बिर्सन थालेका छन् । बँदेलका शाखा सन्तान यतै वृद्धि भएपछि बस्ती नजिकका झाडी यिनको नयाँ बासस्थान बनेको स्थानीय बासिन्दाको भनाइ छ । 'हाम्रो गाउँको पुछारमा दशगजा (नेपाल भारत सीमा) नजिकका झाडीमा बँदेलका तीन÷चार पुस्ता देखिन्छन्', जलेश्वर–५ चौरिया बस्तीका ७५ वर्षीय रहिमन मण्डल भन्छन्, 'यिनलाई किसानले लगाएका बाली आहारा छँदैछ, बस्न झाडी खोज्छन्, अनि किन सम्झुन् वनजङ्गल !' मण्डलले सीमाक्षेत्रका चौरिया, पतैली, मुसरपट्टि र खैरासम्मका आफ्ना वरपरका बस्ती नजिक अब झुण्ड–झुण्डमा बँदेलको स्थायी बसोबास बढेको बताए । दक्षिणतर्फ भारतसँग सीमा जोडिने पूर्व मटिहानीदेखि पश्चिमको खैरवनीसम्मको करिब ३९ किलोमिटरसम्म बँदेलको सघन उपस्थिति छ । अझ नदीउकास क्षेत्रका काँसका झाडी भएका ठाउँमा त झन् बढी बँदेल देखिने गरेको खैरवनीका बासिन्दा कौशीलाल यादव बताउनुहुन्छ । नेपालतर्फ मात्र नभएर सीमापारिका भारतीय बस्तीमा पनि उल्लेख्य संख्यामा बँदेल देखिने गरेको यादवको भनाइ छ । बर्दिबासबाट १५ किलोमिटर दक्षिणको भङ्गाहा नगरपालिका क्षेत्रका अधिकांश बस्तीमा अहिले बँदेलको आतङ्क छ । उखु नकाटिउन्जेल त्यसैको घारीमा बस्ने बँदेल एक ठाउँको उखु काटिएपछि नजिककै अर्कोतिर बास सारेर बस्ने गरेका भङ्गाहा–४ का सामाजिक कार्यकर्ता ६५ वर्षीय मुकुन्द दाहाल बताउँछन् । बँदेलको आतङ्कले घाँसपात गर्न, खेतबारी हेरविचार गर्न र घुमफिरमा निस्कन डरमर्दो भएको दाहालको भनाइ छ । तर पाँच÷सात वर्षअघि भर्खर वनबाट बस्ती नजिक आएका बँदेलको जस्तो जङ्गली व्यवहार भने अहिले यस क्षेत्रमा पाइने बँदेलको नरहेको दाहालको अनुभव छ । बँदेलले धेरैजसो ससाना केराका कोथा, कोवी, गहुँ, हरिया तरकारीका बोट उखेलेर खाने गरेको किसानको गुनासो छ । 'हामीले यिनको आतङ्कले पछिल्ला ४÷५ वर्षयता राम्ररी बाली लिन पाएका छैनौँ', रामगोपालपुर–२ मोहनपुरका मोहम्मद कादिर हुसैन भन्छन्, 'अब त यिनकै लागि बाली लगाएजस्तो भएको छ ।'
बँदेलजस्तै नीलगाई पनि अब जिल्लाका सुदूर दक्षिणी बस्तीसम्म बाक्लै भेटिन्छन् । नीलगाई चाहिँ वनतिर ओहोरदोहोर गरिरहेका अवस्थामा भेटिने गरेको औरही नगरपालिका–४ बैरियाका रामस्नेही यादव बताउँछन् । 'बँदेल त यतै स्थायी रूपले बस्न थालेका छन्, नीलगाई भने यता चरेर केही दिनको फरकमा वनतिर आउनेजाने गरिरहेका बुझिन्छ', यादव भन्छन्, 'यद्यपि नीलगाई पनि ठाउँठाउँमा निकै संख्यामा देखिन्छन् ।' अब बँदेल र नीलगाई वन्यजन्तु नभएर बस्ती वरपर बसोबास गर्ने जन्तुसरह बनेका यादवसहितका सो बस्तीका बासिन्दा बताउँछन् । जिल्लाका १५ वटै स्थानीय तहका बस्ती वरपर अहिले बँदेल र नीलगाईको उत्पातले किसान दिक्क भइरहेका छन् । यिनको नियन्त्रणमा सरकारले पहलकदमी नलिएको किसानको दुखेसो छ । 'हामी स्थानीय तह, प्रहरी, प्रशासनमा हारगुहार गरेको गरिरहेका छौँ', बलवा नगरपालिकाको रौजाका मन्सुल कवारी भन्छन्, 'तर भरपर्दो कुनै उपाय खोजिएको देखिँदैन ।'
बँदेल, नीलगाईसँगै अब दुम्सी पनि गाउँबस्ती नजिक बाक्लै देखिन थालेका छन् । दुम्सीको बासस्थान पनि उखुघारी र काँसझाडी नै हुने गरेको स्थानीय बासिन्दा बताउँछन् । वनमा अत्यधिक मानव चहलपहल बढ्दै जानु, सिकारीबाट हुने आक्रमण बढ्नु, पानी र आहाराको कमी हुँदै जानुले वन्यजन्तु गाउँबस्तीतिर आउनेक्रम बढेको पूर्वसहसचिव एवम् कृषिविज्ञ स्थानीय भङ्गाहा–५ सीतापुरका रामबहादुर भुजेलको ठम्याइ छ ।रासस

# सनलाइट टी–२० कपः आयोजक सनलाइट स्कूल र ज्ञानदा एकेडमी विजयी



**अफरोज अर्पण**
**वीरगंज ।**
'सनलाइट टी–२० इन्टर स्कूल नकआउट क्रिकेट प्रतियोगिताको पहिलो दिनको खेलमा ज्ञानदा एकेडमी र आयोजक सनलाइट स्कूलले विजयी सुरुवात गरेका छन् । सोमबारको दोस्रो खेलमा सनलाईटले लिटिल एन्जललाई १३ रनले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गरेको हो । वीरगंजस्थित नारायणी क्रिकेट रंगशालामा लिटिल एन्जलले टस जितेर बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको सनलाइटले १९.१ ओभरमा सबै विकेट गुमाएर १ सय २६ रन बनाउन सक्यो । उसका लागि प्रविन चौरसियाले २९ रन तथा पवन कुशवाहाले २३ रन बनाए । बलिङतर्फ लिटिल एन्जलका प्रिन्स गुप्ता र अजय यादवले समान तीन विकेट लिए ।
लक्ष्य पछ्याउन जबाफी ब्याटिङमा उत्रेको लिटिल एन्जल १८.१ ओभरमा १ सय १३ रनमा समेटियो । उसको लागि अंशु गुप्ताले २५ रन, सोनु गिरी २३ र प्रविन गुप्ताले २२ रन बनाए । लिटिल एन्जललाई लक्ष्य सम्म पुग्न नदिन सनलाईटका बलर पवन कुशवाहाले ३ विकेट लिए भने शुभम गुप्ता र शेख अमनले समान दुई विकेट लिए । खेलको प्लेयर अफ दी म्याच सनलाईट स्कूलका पवन कुशवाहा भए ।
यसअघि प्रतियोगिताको उद्घाटन खेलमा ज्ञानदा एकेडमी विजयी भएको छ । उद्घाटन खेलमा ज्ञानदाले मनोकामना स्कूललाई ४२ रनले पराजित गरेको हो । वीरगंजस्थित नारायणी क्रिकेट रंशगालामा टस जितेर पहिले ब्याटिङ गरेको ज्ञानदाले निर्धारित ओभरमा सबै विकेट गुमाएर १ सय १३ रनको योगफल तयार पारेको थियो । उसका लागि राजन साहले सर्वाधिक २२ रन बनाए । त्यसैगरी खिलराज सरार्फले १६ रन र आदिल अन्सारीले १५ रन बनाए । बलिङतर्फ मनोकामनाका अरबाज आलमले सर्वाधिक ५ विकेट लिएभने शाहिद अहमद मन्सुरीले २ तथा आविद हुसेनले एक विकेट हातपारे ।
जबाफी ब्याटिङ गरेको मनोकामनाले १४.१ ओभरमा७१ रनमा समेटियो । उसका लागि शाहिद अहमद मन्सुरी ३२ रन, रेहान शेखले १० रन बनाउनु बाहेककुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । बलिङतर्फ ज्ञानदाका आदिल अन्सारीले ४ तथा खिलराज सर्राफले ३ विकेट लिए । खेलमा उत्कृष्ट प्रदर्शन गरेका ज्ञानदाका आदिल अन्सारी प्लेयर अफ दी म्याच घोषित भए ।
प्रतियोगिता अन्तर्गत मंगलबार बिहान ९ बजे ओम नेशनल र वीरगंज एकेडमी बीच खेल हुनेछ भने दिउँसो १ बजेदेखि गौतम स्कूल र ज्ञान ज्योतिबीच प्रतिस्पर्धा हुनेछ ।
वीरगंज–१६ नगवास्थित सनलाइट स्कूलले आयोजना गरेको प्रतियोगितामाफागुन ४ गतेसम्म संचालनहुनेछ ।प्रतियोगितामा माउन्ट मकालु स्कूल, एसआर ग्यालेक्सी, मिनील्यान्ड स्कूल, जीवन ज्योति स्कूल, मनोकामना स्कूल, ज्ञानदा एकेडेमी, चिल्ड्रेन वल्ड स्कूल, मालिनी एकेडेमी, सनलाइट स्कूल, गौतम स्कूल, ज्ञान ज्योति स्कूल, लिटिल एन्जल्स स्कूल, ओम नेशनल एकेडेमी र वीरगंज एकेडेमी गरी कुल १४ वटा विद्यालयहरूको सहभागिता रहेको आयोजक सनलाइट स्कूलका प्रधानाध्यापक आलोक कुमार चौरसियाले जानकारी दिए ।

# वीरगंज गोल्डकप फागुन दोस्रो साता

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशकै सर्वाधिक धनराशीको दोस्रो वीरगञ्ज गोल्डकप २०८१ फागुनको दोस्रो सातादेखि वीरगंजको आर्दशनगर रंगशालामा हुने भएको छ । भेट्रान सिटि क्लव वीरगंजको आयोजनामा आगामी फागुन १७ देखि २४ गतेसम्म हुने प्रतियोगितामा राष्ट्रिय स्तरका आठ फुटबल टिमको सहभागिता जनाउने छन् ।
फुटबल प्रतियोगिता नकआउट चरणमा खेलाइनेछ । भेट्रान सिटि क्लव वीरगंजका अध्यक्ष सबिन बस्नेतले मधेश प्रदेशमा फुटबल खेलको संस्कृति विकास गर्नका लागि दोस्रो वीरगंज गोल्डकप फुटबल प्रतियोगिता गर्न लागेको जानकारी दिए ।
प्रतियोगितामा संकटा फुटबल क्लव, मछिन्द्र फुटबल क्लव, बागमती युथ क्लव सर्लाही, नेपाल पुलिस क्लव, गरवाल डाइमण्ड फुटबल क्लव दिल्ली, एपिआई चर्च ब्वाइज युनाइटेड काठमाडौं, सलहेश फुटबल क्लव सिरहा र आयोजक वीरगंज युनाइटेड क्लवले प्रतिस्पर्धा गर्नेछन् । क्लवका कोषाध्यक्ष तथा प्रतियोगिता संयोजक सुबोधकुमार श्रीवास्तवले प्रतियोगिताको बिजेता टोलीलाई नगद ११ लाख ११ हजार एक सय एघार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र तथा उपविजेता हुने टोलीलाई पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँ नगद, ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरिने जानकारी दिए । प्रथम संस्करणको वीरगंज गोल्डकपको उपाधि नेपाल पुलिस क्लवले जितेको थियो भने उपविजेतामा नेपाल आर्मी क्लवले चित्त बुझाएको थियो ।

# सशस्त्र प्रहरी उपरीक्षकको विदाई तथा स्वागत गरियो

**मधेशदृष्टि**
**वीरगंज ।**
क्रियाशील युवा पत्रकार मञ्च नेपाल पर्साले पिलुवा बाराका सशस्त्र प्रहरी उपरीक्षकको विदाई तथा नव अगान्तुक सशस्त्र प्रहरी उपरीक्षकसँग परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ ।
कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल नं ४० रिजर्भ गण हेडक्वाटर पिलुवा, बाराका सशस्त्र प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्रीको विदाई तथा नव अगान्तुक सशस्त्र प्रहरी उपरीक्षक नवराज थापाको स्वागत तथा परिच्यात्मक कार्यक्रम सम्पन्न गरिएको हो । बाराको पिलुवाबाट चितवन सरुवा भएका सशस्त्र प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्रीलाई रुद्राकक्षको माला, गम्छा तथा पुष्पगुच्छाबाट बिदाई गरिएको हो । कार्यक्रममा प्रहरी उपरीक्षक क्षेत्रीले बारा तथा पर्साका आम जनता, व्यापारी, विभिन्न संघ, संस्था, समाजसेवी, सञ्चारकर्मी लगायतहरुबाट निकै सहयोग पाएको बताए । त्यसैगरी काठमाडौँबाट बाराको पिलुवामा आएका सशस्त्र प्रहरी उपरीक्षक नवराज थापालाई रुद्राकक्षको माला, गम्छा तथा पुष्पगुच्छाबाट स्वागत गरिएको हो । मञ्चका अध्यक्ष प्रणय कुमारको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य तथा मञ्चका सलाहकार डा सुबोध कुमार गुप्ता, वीरगंज यूवा समाजका अध्यक्ष संजिव थापा लागयतको उपस्थिति रहेको थियो ।


## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| १)ऋणीको नाम र ठेगाना |
| --- |
| क) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६७ साल आश्विन महिना १९ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय पर्सा वीरगंजमा दर्ता भै घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ५०६७/०६७/६८, अन्तर्गत दर्ता कायम भएको तथा लखनपुर गा.वि.स ३, पर्सा कार्यालय रहेको श्री आशा इटा उद्योग ।<br>ख) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६६ साल आश्विन महिना २७ गते रोज ३ मा नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. २७१३१/०६६/६७, अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज १३, रानिघाट, पर्सा कार्यालय रहेको श्री साहु ट्रेडर्स ।<br>ग) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०८० साल बैशाख महिना १४ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४४६३१/०७९/८०, अन्तर्गत दर्ता कायम भएको तथा पोखरीया, फुलवरीया वडा नं. ०३, पर्सा कार्यालय रहेको उषा पलाष्टिक सप्लायर्स । |
| कर्जाको सुरक्षण विवरण |
| क) गोवर्धन सा कानुको नाती ढोडा सा कानुको छोरा जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना. प्र. नं. ०९४६१९७४, जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ५० बर्ष को श्री रामदयाल प्रसाद कानुको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वनकटवा वडा नं. ५ स्थित रहेको किता नं. ५६३ र २१९ को जम्मा क्षेत्रफल क्रमशः ०-०-१२-०, ०-८-१० को घरजग्गा र जिल्ला पर्सा वनकटवा वडा नं. ६ स्थित रहेको किता नं. १०७३ को जम्मा क्षेत्रफल ०-१६-१२-८ को घरजग्गा ।<br>ख) शिवसाह कानुको छोरी, ढोडासाह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१, जारी मिति २०६७-०३-०८, जि.प्र.का., पर्सा) वर्ष ५२ की सुशीला साहको नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगंज वडा नं १५ स्थित रहेको किता नं. २००, २२० को जम्मा क्षेत्रफल क्रमशः ००८०.८० र ००८८.५० व.मि.को घरजग्गा, जिल्ला पर्सा वनकटवा वडा नं ५ स्थित रहेको किता नं. १११, १०८, ६१६ र ७२ को जम्मा क्षेत्रफल क्रमशः ०-०-९-१२.५, ०-१-१७-८, ०-७-११-८ र ०-१२-०-० को घरजग्गा र, जिल्ला पर्सा वनकटवा वडा नं. ५ गा स्थित रहेको किता नं. ६९ को जम्मा क्षेत्रफल ०-४-६-८ को घरजग्गा ।<br>ग) नाम बिजाधर साहको नाती, गोवर्धन सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स बनकटवा वडा नं.०३, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७, जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) वर्ष ८२ को ढोडा सा कानकोनाममा दर्ता कायम रहेको पर्सा जिल्ला वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २२७ र २२१ को जम्मा क्षेत्रफल क्रमश २८६८.३४ व.मि. र २२०१.०८ व.मि. को घरजग्गा । |
| व्यक्तिगत जमानीकर्ताहरु : |
| क) ढोडा सा कानुको नाती ,रामदयाल प्रसाद कानुको छोरा, जिल्ला पर्सा, पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५ ,जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) वर्ष २६ को धन्नजय कुमार कानु ।<br>ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७, जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) वर्ष ८० को ढोडा सा कानु ।<br>ग) नाम गोवर्धन सा कानुको बुहारी, ढोडा सा कानुको पत्नी, जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) वर्ष ८४ की गोलीया देवी कनुइन ।<br>घ) रघुनाथ प्रसाद साह कानुको छोरी,राम दयाल प्रसाद कानुको बुहारी, धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का.,पर्सा) वर्ष ३५ की सुधा गुप्ता ।<br>ङ) शिवसाह कानुको छोरी, ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१, जारी मिति २०६७-०३-०८, जि.प्र.का,पर्सा) वर्ष ५२ की सुशीला साह ।<br>च) ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा, पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का. ,पर्सा) बर्ष २१ को उषा कुमारी ।<br>छ) गोवर्धन सा कानुको नाती, ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना. प्र. नं. ०९४६१९७४, जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ८१ बर्ष को रामदयाल प्रसाद कानु । |
| नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको । |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

## सम्पादकीय

# स्वास्थ्यमा देखिएको बदमासी

*मधेश प्रदेश सभा सदस्य दीपेन्द्र ठाकुरले सोमबार प्रदेश सभाको बैठकमा बोल्दै मुख्यमन्त्री सतिश कुमार सिंहले अस्पतालहरु अनुगमन गरेर सस्तो लोकप्रियता कमाउन खोजेको र आफ्नो अवयवलाई सक्रिय पारेर यस्ता बदमासी नियमन गर्न लाग्नु पर्ने बौद्धिक सुझाव दिएछन् । उनी त्यही मुख्यमन्त्री नेतृत्वको गठबन्धन सरकारका पार्टीका प्रदेश सांसद पनि हुन्।*

*सायद उनको चिन्ता हो, आफ्नै पार्टीको स्वास्थ्य मन्त्री भएको मन्त्रालयबाट यस्तो काम गरेर एमालेले लोकप्रियता बटुल्नु पर्नेमा उछिनेर मुख्यमन्त्रीबाट यस्तो काम भयो । जे होस्, ठाकुरको बोलीमा केही न केही सन्देश छ, जुन सन्देशले भन्छ, 'गठबन्धन सरकार भए पनि मधेश प्रदेश सरकारका मन्त्रीहरुको मन, मुटु, मष्तिष्क एक भएर काम गर्न सकिरहेको छैन, टाउको र जिभ्रो अनुसार बोली व्यक्त भइरहेको छ ।' मधेशलाई पछिल्लो समय स्वास्थ्य क्षेत्रमा माफियाहरुले राम्रो आम्दानी केन्द्र बनाउन खोजेका छन् । यसका लागि कहिले बायोमेड इन्जिनियर आफ्ना कम्पनीबाट पठाउनेदेखि कर्मचारीसमेत मेडिकल माफियाको इशारामा सरुवा हुने र त्यहाँ पुगेर उनीहरुको इशारामा टेण्डर निकाल्ने बदमासी बेलाबखत मधेशदृष्टिले उठाइरहेकै छ । कठोरसँग मधेशदृष्टिले यसलाई मधेशका बहुसंख्यक जनतामा प्रस्तुत गरिरहेकै छ।*

*मुख्यमन्त्री सिंहले आइतबार साँझ हो कि राति क्रसरहरु पनि अनुगमन गरेको, राति हस्याङफस्याङ गर्दै पुगेको पनि समाचार आएको छ। अब अर्को प्रदेश सभा बैठकमा अर्का बुद्धिजीबी प्रदेश सभा सदस्यले पनि यस्तै तर्क गर्न सक्नेछन् । उनले पनि भन्नसक्नेछन्, 'सबै काम मुख्यमन्त्री एक्लैले गर्ने भए हाम्रो के काम ? हाम्रो पार्टीलाई परेको मन्त्रालय र मन्त्रीको के काम ?' हो, प्रश्न गर्न सबभन्दा लाज नलाग्ने वर्गमा अचेल पत्रकारपछि नेता पर्ने गरेका छन् । उनीहरु तत्कालीक लोकप्रियता खपतका लागि यस्ता अप्रत्यासित प्रश्न पनि गरिदिन्छन् । मुख्यमन्त्रीले रातबिरात गरेको काममा प्रश्न गर्दा राजनीतिमा नम्बर थपिन्छ भन्ने भ्रम पनि छ नेताहरुमा, अझ चुनाव जितेका नेताहरुमा । स्वास्थ्य मन्त्रालय एमालेको भागमा परेकाले प्रश्न आयो, अर्को मन्त्रालय अर्को पार्टीको होला, आफ्ना मन्त्रीहरुले यति काम पनि किन गर्न सकेनन्, तिमीहरु मन्त्री भएर काम नगरेपछि मुख्यमन्त्री आफैँले एक्सन लिएर हाम्रो नाक कटाइसके भनेर खबरदारी गर्नु पर्ने प्रदेश सभाका बुद्धिजीबी सदस्यहरु उल्टै आफ्नो 'नाककटाइ' छेक्न मुख्यमन्त्रीलाई सुझाव दिइरहेका छन् । राजनीतिमा आफू अगाडि जान सकिएन भने सुझावले औखतीको काम गर्दैन । सुझाव त अचेल फेसबुक चलाउनेहरु पनि निःशुल्क दिइरहेका हुन्छन्।*

*जे होस्, जनकपुरका अस्पतालहरुको अनुहार देशभर देखिएको छ । अनुगमन गरिएका झण्डै साढे दुई दर्जन अस्पतालमा एकाध अस्पताल त कागजात पूरा गरेर, अनुमति लिएर पनि चलेका छन् । हो, ९० प्रतिशत भन्दा माथिका अस्पतालहरु प्रदेश सरकारलाई हेपेर चलेका छन् । कागजात छैन, नवीकरण छैन, सम्झौताअनुसारका उपकरण र दक्ष चिकित्सकहरु छैनन् । अनि उनीहरुले आफू सुध्रिन जरुरी पनि ठानेका छैनन् । यो रोग जनकपुरधाम र धनुषाको मात्रै पनि होइन, अरु जिल्लामा मुख्यमन्त्री जाने खबर आए त्यहाँ अस्पतालका सञ्चालकहरु भन्दा बढी यिनै प्रदेश सांसदहरु, विभिन्न दलका झोलेहरु, स्थानीय सरकारका प्रमुख र उपप्रमुखहरु, टोलेहरु उफ्रिनेमा शंका छैन । मधेशको स्वास्थ्य संस्था एकाध सेता पोशाकधारी देखाएर धेरैलाई जनताको जीउधनमा खेलवाड गर्दै कमाउधन्दा बनिरहेको छ । यो अपराध रोक्न किन प्रदेश सभा सदस्यहरु बोल्दैनन् ? अब प्रश्यन यता पनि सोधौँ।*

# सामाजिक सञ्जालः प्रयोग र प्रभाव



**शुक्रऋषि चौलागाई**

सामान्यतया इन्टरनेट प्रविधिको माध्यमद्वारा आफ्ना विचार वा सिर्जनशीलता आदानप्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ । यो सूचना दिने अनलाइन प्रविधिको एकमुष्ट सामूहिक रुप पनि हो । सामाजिक सञ्जाल अन्तरक्रियात्मक कम्प्युटर–मध्यस्थता प्रविधि हो।

कम्प्युटर वा मोबाइलमा इन्टरनेट प्रविधिमार्फत आफूले प्राप्त गरेका वा आफूले सिर्जना गरेका विचार, डिजिटल फोटो वा भिडियोहरु आदानप्रदान गर्न प्रयोग गरिने माध्यम हो । सामाजिक सञ्जाल एउटा यस्तो महत्वपूर्ण इन्टरनेट माध्यम हो । मिनेट सेकेन्डमै संसारमा कहाँ के भइरहेको छ, सबै घटना खबर थाहा पाउन सकिन्छ । यसकारण यसको सहज पहुँचका साथसाथै प्रयोग र प्रभावको दायरा पनि फराकिलो बन्दै गएको छ।

पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग र प्रभावका सन्दर्भमा पनि विभिन्न टीकाटिप्पणी, बहसहरु अनेकन कोण भइरहेको पाइन्छ । यसको दिन प्रतिदिनको विकास, स्वरुप र प्रयोगले समाजको विविध आयाम र पक्षहरुमा सकारात्मक तथा नकारात्मक अवधारणाहरु सार्वजनिक भइरहेका छन्।

सामाजिक सञ्जालको सदुपयोगसँगै दुरुपयोग पनि बढ्दो छ । यसले सामाजिक जीवनलाई नराम्ररी तरङ्गित पारेको छ । सामाजिक सञ्जाल के हो, के होइन, यसका फाइदा÷बेफाइदा, सही प्रयोगलगायत विषयमा यहाँ उल्लेख गर्न खोजिएको छ।

हात–हातमा मोबाइल र इन्टरनेटको सहज उपलब्धताले सामाजिक सञ्जालको प्रयोग पनि व्यापक छ । एक तथ्याङ्कअनुसार विश्वभर चार अरब ४८ करोड मानिसले सामाजिक सञ्जाल प्रयोग गरिरहेका छन् । यसको अर्थ विश्वको आधा व्यक्तिहरू सामाजिक सञ्जालमा भेटिन्छन् । ४.६६ अरबभन्दा बढी 'इन्टरनेट प्रयोगकर्ताहरू भएको गुगलले देखाउँछ । जसमध्ये गुगल, फेसबुक, युट्युब, ह्वाट्सएप, इन्स्टाग्राम, टिकटक र ट्विटर प्रयोगकर्ता रहेका छन्।

सञ्जालहरूमार्फत जानकारी, विचार, रुचि र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने सुविधा प्रदान गर्न मध्यस्थकर्ताको भूमिकामा सामाजिक सञ्जालहरूको उदय भएको हो । तर पछिल्लो चरण सामाजिक सञ्जाल असामाजिक बन्दै गएको छ । सामाजिक सञ्जाल भ्रम फैलाउने, व्यक्तिको समय र सिर्जना खोसिदिने र सूचनामाथि जासुसी गर्ने मतियार र हतियार बनेको छ । प्रयोगकर्ताहरु पनि आफनो अनुकूलका कुरा सुन्ने, हेर्ने तर फरक विचारलाई निषेध गर्ने भइरहेका छन्।

सामाजिक सञ्जाल प्रतिक्रियात्मक र असङ्गठित हुन्छ यसले नीतिगत तहमा दबाब पनि दिइरहेको हुन्छ तर प्रत्यक्ष न्याय दिन भने सकिरहेको हुँदैन । डिजिटल युगमा सूचनाको विश्वसनीयता र सत्यताबारे पनि बहस भइरहेको छ । सञ्जालमा उल्लिखित भनाइ, तथ्याङ्क, स्रोत, तस्बिर आदि ठीक छन् वा छैनन् भनी परख गर्ने पाठक, दर्शक वा स्रोताको क्षमता पनि कमजोर छ । फेसबुक अहिले विश्वमै सबैभन्दा लोकप्रिय छ तथापि त्यो पनि हेरिनसक्नु हुन्छ।

सामाजिक सञ्जालका फाइदा र बेफाइदा

सामाजिक सञ्जालका विभिन्न स्वरुप छन् । कुन प्लेट फार्म प्रयोग गर्ने ? आफ्नो योग्यता÷दक्षता, पेसा÷व्यवसाय के हो ? के गर्न चाहिरहनुभएको छ । त्यसकै आधारमा सामाजिक सञ्जाल प्रयोग गरिनुपर्छ । सामाजिक सञ्जालका केही मूलभूत अवसर र फाइदाहरु भने समान छन्।

सामाजिक सञ्जालबाट मुख्यतयाः सूचना आदानप्रदान छिटाछरितो गर्न सकिने, आफ्ना विचार भावना राख्न सजिलो हुने, घरमै बसेर स्वदेश तथा विदेशमा प्रत्यक्ष सम्पर्क गर्न सकिने, महत्वपूर्ण कागजात, फोटो एवं भिडियो तुरुन्तै आदानप्रदान गर्न सकिने, कुनै घटना वा खास विषयवस्तुको प्रत्यक्ष प्रसारण गर्न सकिने, घरमै बसेर खरिदबिक्री गर्न सकिने, अध्ययन अनुसन्धान एवं लेखन कार्यमा सघाउ पुग्ने सामग्री हेर्न र पाउन सकिने हुन्छ।

इन्टरनेट र सामाजिक सञ्जालको सदुपयोग गर्न सके विश्व बजारमा सजिलै बिक्न सकिन्छ तर त्यो ज्ञान प्रयोगकर्तामा हुनुपर्छ । सामाजिक सञ्जालका माध्यमबाट व्यापार व्यवसायलाई प्रवद्र्धन गर्न पनि सकिन्छ । कतिपय अवस्थामा व्यक्तिभित्र रहेको प्रतिभा प्रस्फुटन गराउन पनि यसले मद्दत गरेको छ । व्यक्ति, परिवार, समुदाय, कार्यालयले आफ्नो आवश्यकता र कामका आधारमा सामाजिक सञ्जालको प्रयोग गर्न सक्छन्।

सामाजिक सञ्जाल आफैँमा सही र गलत हुने होइन । हामीले कुन सोचबाट कसरी प्रयोग गर्ने त्यसमै निर्भर रहन्छ । सकारात्मक हिसाबले सोच्ने हो भने सामाजिक सञ्जाल गलत होइन तर दुरुपयोग गर्ने हो भने यसका बेफाइदा पनि भरमार छन्।

सामाजिक सञ्जालमा अनावश्यक समय खर्च गर्ने, अरूप्रति नकारात्मक टिकाटिप्पणी गर्ने, हानि–नोक्सानी गर्ने विषयवस्तु बढी शेयर गर्ने, अश्लील भिडियो तथा फोटो खिचेर अपलोड गर्ने, शेयर गर्ने, नचिनेको व्यक्तिलाई जिस्क्याउने, अर्काको फोटो तथा भिडियोको दुरुपयोग गर्ने, अध्ययन अनुसन्धानको साधनभन्दा मनोरञ्जनको साधनका रुपमा प्रयोग गर्ने, गलत सूचना र समाचार सम्प्रेषण गर्ने गरिएको पाइन्छ । मिथ्या सूचना र भ्रामक समाचार अफवाह फैलाउने माध्यमका रुपमा सामाजिक सञ्जाललाई प्रयोग गर्ने गरिएको छ।

नियोजित तरिकाले कसैलाई आक्षेप लगाउने, अनावश्यक भिडियो पोष्ट गर्ने, अनावश्यक व्यक्तिहरुलाई भाइरल गराएर समाजमा नकारात्मक भ्रम पैदा गर्ने, मर्यादामा आँच आउनेजस्ता सामग्री पोस्ट गरेर, टिप्पणी गरेर पनि व्यक्ति तथा संस्थाको इज्जतमा दाग लगाउने प्रवृत्ति बढिरहेको छ । साइबर सुरक्षाको खतरा पनि उत्तिकै रहन्छ । कतिपय घटना सामाजिक सञ्जालमा आनावश्यक फैलिएका र फैलाइएका कारणले पनि थप घटनाहरु पुनरावृत्ति भइरहेका छन । नकारात्मक तथा घृणा हाबि भइरहेको छ।

सामाजिक सञ्जाललाई सदुपयोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता छ । सामाजिक सञ्जालमार्फत हुने अराजकता, गैरकानुनी गतिविधिलाई कानुनी र नीतिगत रुपमै नियमन गर्न जरुरी छ । दुरुपयोग रोक्ने नाममा सरकारले पनि मनोमानी गर्न पाइँदैन । सामाजिक सञ्जालको प्रयोगमा सुधार गर्ने र दुरुपयोग रोक्नतर्फ सरोकारवालाको परामर्शमा साझा पहल थाल्नुपर्छ । स्कुले तहको पाठ्यक्रममै सामाजिक सञ्जाल के हो ? यसका फाइदा, बेफाइदा र दुरुपयोग भए के कारबाही गर्ने भन्ने विषय पनि पाठ्यक्रममा समेट्नु उचित हुन्छ । सरकारले हालै संसद्मा प्रस्तुत गरेको सामाजिक सञ्जालसम्बन्धी विधेयकका अधिकांश प्रावधानले सामाजिक सञ्जाललाई मर्यादित र व्यवस्थित गराउन खोजेको देखिन्छ।

कसरी गर्ने सही प्रयोग ?

बेलायतमा गरिएको एक अध्ययनले सामाजिक सञ्जालको लत लागूऔषधको भन्दा पनि खतरनाक रहेको देखाएको छ । यसको प्रयोगले हाम्रो दैनिक व्यवहार र आचरणमा परिवर्तन ल्याइरहेको छ । हातमा स्मार्टफोन बोक्ने सामान्य नागरिकले हरेक १२ मिनेटको अवधिमा एकपटक सञ्जाललाई 'रिफ्रेस' गर्ने गरेका छन् । अध्ययनअनुसार यसको लतमा फसेकाले त हरेक दुई÷तीन मिनेटको अवधिमा सामाजिक सञ्जाल चलाइरहेका हुन्छन्।

धेरैजसो भ्रामक सूचना सामाजिक सञ्जालबाट नै फैलिइरहेको छ । नेपालमा गरिएको एक अध्ययनले सामाजिक सञ्जाल मिथ्या सूचना फैलाउने सशक्त माध्यम भएको देखाएको छ । सेन्टर फर मिडिया रिसर्च, नेपालले गरेको अध्ययनले नेपालमा ९५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना प्राप्त गरेको देखाएको छ।

सामाजिक सञ्जालको अति प्रयोग, गलत प्रयोग र असावधानीपूर्ण प्रयोगबाट बच्न उपाय जान्न जरुरी छ । कुनै पनि न्यायिक अभियानका लागि सामाजिक सञ्जाल एउटा औजार हो, तर यसको सही प्रयोग गर्न जानिएन भने घातक पनि हुन सक्छ । के उद्देश्यका लागि सामाजिक सञ्जालमा खाता खोलेको पहिल्यै स्पष्ट हुनुपर्छ।

कुनै पनि नपत्याउने खालका घटना भएका सामग्री इन्टरनेटमा देख्ने, पढ्ने बित्तिकै तुरुन्तै विश्वास गरिहाल्न हुँदैन । व्यक्तिगत सूचना र वैयक्तिक गोपनीयताका कुरा नराख्ने, जुनसुकै लिङ्क नथिच्ने, नचिनेको साइटमा व्यक्तिगत सूचना, इमेल आदि नभर्ने । नत्र त्यसैले 'प्रोफाइल ह्याक' गरी अरूसँग पैसा माग्न वा तपाईंको आवरणमा अरूलाई ठग्न सक्छ । सञ्जालमा कुनै कुरा लेख्नु वा पोस्ट गर्नुअघि आफैँले आफैँलाई प्रश्न सोध्न पनि जरुरी छ । सामाजिक सञ्जालमा यो प्रसङ्ग÷विषय राख्ने कि नराख्ने ? यो अहिल्यै नै राख्न उपयुक्त छ ? राखिएको सामग्रीले कसलाई फाइदा पुग्छ ? कुनै पनि सूचनालाई आलोचनात्मक तरिकाबाट हेर्न सक्नुपर्छ । त्यो सूचनाको स्रोत के हो ? कहाँबाट आयो ? कसले शेयर गरेको छ ? त्यो जाँचपड्ताल गरेर शेयर गर्नुपर्दछ । पुराना सामग्रीलाई नयाँ घटनाको भनेर राखिएका हुन सक्छन् । त्यसको पुष्टि नभई त्यसमा 'रियाक्सन' गर्ने वा 'कमेन्ट' लेख्ने काम पनि गर्नु हुँदैन।

अहिलेको जमानामा हरेक व्यक्ति पत्रकार हो । सूचना अरू सामु पु¥याउने सन्दर्भमा धेरैका सामु सूचना दिन सकिन्छ । फेसबुक, ट्विटर, टिकटकलगायत धेरै प्रयोगकर्ता भएका सामाजिक सञ्जालमा तथ्य के हो, त्यो राखिदिन सकिन्छ । कुनै कुरा सामाजिक सञ्जालमा फैलियो भने, त्यो 'किवर्ड सर्च' गरेर पनि सत्य थाहा पाउन सकिन्छ । सम्प्रेषित सामग्री सही छन् कि छैनन्, परीक्षण गर्नुपर्छ । यसको लागि अरू मिडियाहरू पनि अध्ययन गर्नुपर्छ।

नकारात्मक तथा कानुन विपरीत गतिविधिलाई निरुत्साहित गर्दै व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक पहलकदमी लिन जरुरी छ।

हरेक प्रयोगकर्ताले भाइरल हुनु मात्रै ठूलो कुरा होइन, सूचना प्रणाली प्रयोग गर्दा मर्यादा, शिष्टता र सामाजिक सद्भावको कुरालाई पनि मनन गर्नुपर्छ । सञ्जाललाई आफ्ना विचार, भावना र अनुभव आदानप्रदान गर्न, नयाँ प्रविधि र सिकाइ प्राप्त गर्न, जनचेतना बढाउन र बृहत्तर हितमा उपयोग गर्ने बानी बसालौं । रासस

# माघ सकिनै लाग्दा न हिउँ न वर्षा

**राम थापा**

यसपालिको हिउँदयाममा हिमाली जिल्लामा हिउँ पर्न सकेन । जाडोको खास महसुस गर्न नपाइ माघ गुज्रनै आँटेको छ । पहिले पहिले हिउँले सेताम्मे हुने हिमाली र उच्च पहाडी क्षेत्रमा सुक्खापन छाएको छ।

गाउँ बस्ती र डाँडाकाँडा फुस्रा भएका छन् । कृषि ज्ञान केन्द्र मुस्ताङका कृषि अधिकृत दिलीप नेपालीले हिउँ र वर्षा नहुँदा किसानलाई पिरलो थपिएको बताए । 'हिउँ नपर्दा स्याउ खेतीमा असर पुग्छ, रोककिराको प्रकोप बढ्न सक्छ', उनले भने, 'मुस्ताङमा लगाइने उवा, जौँ, गहुँ, लसुन, आलुलगायत बालीको उब्जाउ क्षमता पनि घट्छ।'

मौसमअनुसार हिउँ र पानी नपर्दा बालीनालीको उब्जनी र गुणस्तर खस्कने उनको भनाइ छ । पछिल्लो समय जलवायु परिवर्तनको तीव्र असर हिमाली भेगमा परेको विभिन्न अध्ययनले देखाएको छ । मौसमी घटना र प्रवृत्तिमा यस्तै क्रम दोहोरीरहे हिमाली क्षेत्रमा नयाँ खेती बालीको प्रवेश हुने र रैथाने उत्पादन लोप हुने खतरा रहेको बताइन्छ । पछिल्लो समय मुस्ताङको उपल्लो भेगमा समेत काँक्रा, गोलभेँडा जस्ता तरकारीजन्य बाली उब्जाउ हुन थालेको किसान बताउँछन्।

समयमा हिउँ र वर्षा नहुँदा खेती बाली नसप्रने किसानको दुःखेसो छ । मुस्ताङमा हावा मात्र चल्ने हिउँ नपर्ने अवस्था देखिएको छ । गत वर्षको हिउँद पनि हिउँ र वर्षा नभई बितेको थियो।

हिउँ नपर्दा सिँचाइ नभएका ठाउँमा अन्नपात माटोमै सुक्ने गरेको कृषि अधिकृत नेपालीले बताए । घरपझोङ गाउँपालिका–२ मार्फाका स्याउ किसान दीपक लालचनले हिमपात नहुँदा फलफूल र अन्नबालीलाई चाहिने चिसोपना कम हुने बताए । स्याउको फूल खेल्न र फल लाग्न चिसोपनाको खाँचो पर्छ। 'चिस्यान पुगेन भने स्याउ उत्पादनमा ह्रास आउन सक्छ', उनले भने,'मार्फामा भने सिँचाइ सुविधा भएकाले आत्तिइहाल्नुपर्ने छैन ।' जौँ खेती बढी हुने थासाङ गाउँका किसानलाई भने सुक्खा मौसमले चिन्ता थपिदिएको उनको भनाइ छ । थासाङमा सिँचाइको उचित प्रबन्ध छैन । हिमपात र वर्षात् नहुँदा खेती प्रणालीसँगै हिमाली जनजीवन पनि प्रभावित भएको छ।

लालचनले कडा जाडो हुनुपर्ने याममा न्यानो महसुस हुन थालेको बताउनुभयो । हिउँमा खुल्ने मुस्ताङ, मनाङ, म्याग्दीलगायत पर्यटकीय स्थल पनि उजाड देखिएका छन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ घोरेपानीका पर्यटन व्यवसायी जुलीले पुनले अहिलेसम्म हिउँ नपरेको बताए।

गण्डकी प्रदेशका कुनै हिमाली जिल्ला र उच्च पहाडी भेगमा अहिलेसम्म हिमपात भएको छैन । छिटपुट वर्षासमेत हुन सकेको छैन । हिउँ र वर्षा नहुँदा मुस्ताङ, मनाङ, म्याग्दी र बागलुङको उच्च क्षेत्रमा लगाइएको हिउँदे बालीमा बढी असर पुगेको छ । बेलामा पानी नपर्दा, हिमपात नहुँदा असिञ्चित ठाउँको खेतीमा त क्षति नै पुग्ने गरेको छ।

बाह्रैमास नहर र कुलो सिँचाइको सुविधा भएका ठाउँमा भने समस्या नहुने कृषि अधिकृत नेपालीले बताए । हिउँदे वर्षा होला र खेती सप्रला भन्ने आसमा रहेका किसानलाई भने खडेरीबाट ठूलो मार पर्ने उनको भनाइ छ । खडेरीले पहाडी क्षेत्रमा गहुँ, तोरीसहित तरकारी र फलफूलजन्य बालीमा बढी असर पर्ने गरेको छ । हिउँ नपर्दा पर्यटक लोभ्याउने हिमाल पनि काला पत्थरजस्ता देखिन थालेका छन्।

विश्वव्यापी रूपमा गहिरिँदो जलवायु संकटको सबैभन्दा ठूलो मार नेपालका हिमालमा परेको सो क्षेत्रका विज्ञ र अध्येताहरू बताउँछन् । पर्यावरणीय अध्येता कुलचन्द्र अर्यालका अनुसार जलवायु संकटको नकारात्मक असर पर्ने विश्वकै सबैभन्दा बढी संवेदनशील क्षेत्रमा नेपालको हिमालय क्षेत्र पर्छ । 'विश्वको औषत तापमान वृद्धिको दरभन्दा हिमालय क्षेत्रको तापमान वृद्धि बढी उच्च रहेको छ', उनी भन्छन्, 'विश्वको औषत तापमान १ दशमलव ५ प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा १ दशमलव ८ देखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ।'

जलवायु परिवर्तन र उष्णीकरणले नेपालको हिमालय क्षेत्रमा नकारात्मक असर पुर्याइरहेको पर्यावरणीय अर्यालको भनाइ छ।

विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विस्फोटन हुने दर बढिरहेको उनले बताए । अहिलेकै गतिमा हिउँ पग्लिँदै गएमा आउँदा केही दशकमा नेपालका हिमाल कालापत्थरमा परिणत हुने बताइन्छ । विश्वव्यापी तापक्रम वृद्धिलाई १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित पार्दा पनि यही शताब्दीको अन्त्यसम्ममा हिन्दूकुश–हिमालय क्षेत्रको ३६ प्रतिशत हिउँ भण्डार रित्तिने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को अध्ययनले देखाएको छ । रासस

*मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।*

# ‘शंकरापुरको जडीबुटी प्रशोधन केन्द्र पुनःस्थापनाका लागि बजेट गरिन्छ’



**काठमाडौँ ।**
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले शङ्करापुर नगरपालिकामा पहिले स्थापना भएर बन्द रहेको जडीबुटी प्रशोधन केन्द्र पुनःस्थापनाका लागि आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गरिने प्रतिबद्धता जनाएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूको जिज्ञासाको जवाफ दिदैँ उनले केन्द्रको पुनःस्थापनापछि खेर गइरहेको जडीबुटीको पनि उपयोग हुने बताए । राष्ट्रिय अनुकूलन योजनाको तयारी भइरहेको जानकारी मन्त्री शाहीले गराए । जलवायु वित्त स्थानीय तहसम्म लगिने कार्यक्रम मन्त्रालयले बनाएको छ ।

वनसँग सम्बन्धित क्षेत्रमा आउने पर्यटकको बसाइ लम्ब्याउन सरोकार भएका निकायसँग छलफल गरिने पनि उनको भनाइ छ । दिगो वन व्यवस्थापन गरी आगलागी नियन्त्रणका काम गर्न लागिएको मन्त्री शाहीले बताए । राष्ट्रिय निकुञ्जले प्रत्येक वर्ष अग्निरेखा बनाएर काम गरेको उल्लेख गर्दै उनले वनमा पानीपोखरी र आहाल बनाएर आगलागी नियन्त्रणलाई सहयोग गरिने प्रतिबद्धता जनाए ।

तनहुँमा निर्माणको तयारी भएको खुला प्राणी उद्यानका लागि आगामी वर्षको बजेटमा व्यवस्थापन गर्ने गरी मन्त्रालयले कार्यक्रम बनाएको छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका समस्या मध्यवर्ती क्षेत्र नियमावली संशोधन गरेर समाधान हुने उनको भनाइ छ ।

वन र कृषि मन्त्रालयले संयुक्त रूपमा बाँदर र बँदेलको आतङ्क रोक्न अध्ययन भइरहेको मन्त्री शाहीले बताए । वनमा डढेलो लगाउनेलाई तीन वर्षसम्म कैद र जरिवानाको व्यवस्था भए पनि पत्ता लगाउन अप्ठ्यारो भएको उनको भनाइ थियो ।

दिगो वन व्यवस्थापनका माध्यमबाट विदेशबाट आउने काठलाई निरूत्साहित गरिने कार्यक्रम मन्त्रालयले बनाएको छ । कार्वन व्यापारका लागि सहमति भएको मन्त्री शाहीले बताए । पछिल्लो समय वन डढेलोका घटनामा वृद्धि भएको, बस्तीमा पुगेर जनधनको क्षति भएको, वातावरणमा नकारात्मक प्रभाव परेको, वन डढेलो निभाउने क्रममा स्थानीयवासी, कर्मचारी, सुरक्षाकर्मीले जीवन गुमाउनुपरेको उनले सुनाए ।

चैत, वैशाखमा धेरै वन डढेलोका घटना हुने गरेको उल्लेख गर्दै मन्त्री शाहीले सघन वन व्यवस्थापनको काम सबै वनमा हुन नसक्दा समस्या आएको बताए । खेतीयोग्य जमिन बाँझो, नियतवश आगो लगाउने, घाँस पलाउँछ भनेर वनमा आगो लगाउने गरिएको उनले सुनाए । वन्यजन्तु धपाउन पनि आगो लगाउने गरिएको छ ।

हरेक वर्ष मङ्सिरदेखि जेठसम्म आगलागीका घटना हुने गरेको छ । बागमती प्रदेशमा बढी र सुदूरपश्चिम प्रदेशमा कम आगलागीका घटना भएको तथ्याङ्क मन्त्रालयमा रहेको छ । वन डढेलोबाट कर्णालीमा यस वर्ष एक जनाको निधन भएको छ । वन डढेलोले सरदर वार्षिक रूपमा आठ जनाको निधन हुने गरेको छ ।

रसुवा र नुवाकोटका बीचमा आगलागी भई नियन्त्रणमा आउन लागेको मन्त्री शाहीले जानकारी गराए । सिन्धुपाल्चोकको भोटेकोशीमा माघ १८ गते सुरू भएको आगलागी नियन्त्रणमा आएको छ । काभ्रेको महाभारत क्षेत्रको वनमा पनि आगलागी भई नियन्त्रणमा आएको जनाइएको छ ।

आगलागी नियन्त्रणका लागि संसदीय समितिले दिएको निर्देशनअनुसार काम भइरहेको छ । प्रदेशको वन हेर्ने मन्त्रालयलाई आवश्यक व्यवस्थापन गर्न निर्देश गरिएको मन्त्री शाहीले सुनाए । संरक्षण क्षेत्र हेर्ने कार्यालयलाई डढेलो लाग्न नदिन र लागेमा छिटो निभाउन निर्देशन दिएको पनि मन्त्रालयले जनाएको छ ।

देशभर हुने गरेका आगलागीका घटनाका बारेमा वन तथा भू–संरक्षण विभागमा रहेको अग्नि नियन्त्रण कक्षमा खबर आई तत्काल व्यववस्थापन गर्ने गरिएको छ । जिल्ला वन कार्यालयको नेतृत्वमा जिल्ला स्तरीय समिति निर्माण गरी आगलागी नियन्त्रणका लागि काम भएको छ ।

बैठकमा सांसद माधव सापकोटाले अमेरिकी राष्ट्रपतिले पेरिस सम्झौताबाट पछि हट्ने घोषणा गरेपछि जलवायु परिवर्तनका लागि पर्ने असर कसरी व्यवस्थापन हुन्छ भनी प्रश्न गरेका थिए । मन्त्रालयको नाम वन, वातावरण तथा जलवायु परिवर्तन राख्न पनि उनले सुझाव दिए ।

सांसद रामहरि खतिवडाले बाँदर आतङ्कले पहाडी क्षेत्रमा बस्न नसकिने अवस्था रहेकाले व्यवस्थापन गर्न माग गरे । सांसद रणेन्द्र बरालीले चितवनको चार कोशे झाडीमा आगलागी भएर धुवाँ र प्रदूषणले मध्य नेपाललाई नै असर गरेको बताए । सांसद प्रेम सुवालले बसाइ सराइका कारण पनि आगलागी हुने गरेकाले जिल्लामै मात्र बसाइ सराइ गर्ने व्यवस्था गर्न माग गरे ।

सांसद रघुजी पन्तले वन डढेलो नियन्त्रण गर्न उपयुक्त सामुदायिक वन समूह भएको उल्लेख गर्नुहुँदै यसका लागि सरकारको के योजना छ भनी प्रश्न गरे । सांसद जावेदा खातुनले वन डढेलोले जैविक विविधताको क्षति हुने गरेको र डढेलोले बस्ती सखाप हुने गरेको बताइन् ।

सांसद दीपक गिरिले दाङ जिल्लामा बाँदर र बँदेलको आतङ्क रहेको उल्लेख गर्नुहुँदै मध्यवर्ती क्षेत्रका समस्या समाधान गर्न माग गरे । सांसद हितराज पाण्डेले पुर्खाले वनभित्र पोखरी र आहाल बनाउने गरेकामा अहिले त्यस्तो कार्यक्रम छ कि छैन भनी जिज्ञासा राखिन् ।

सांसद सोविता गौतमले नेपालमा बृहत् जडीबुटी खेती गर्ने के कार्यक्रम छ भन्दैँ पहिले शङ्करापुरको बज्रयोगिनीमा रहेको जडीबुटी प्रशोधन केन्द्रलाई पुनस्थापना गर्न माग गरिन् । सांसद रोशन कार्कीले वनभित्र लडेपडेका अर्बौंका काठ बिक्री गर्ने कार्यक्रम छ, छैन भनी जिज्ञासा राखेकी थिइन् ।

सांसद मेटमणि चौधरीले आगलागी, मध्यवर्ती क्षेत्रका समस्या समाधान गरिनुपर्नेमा ध्यानाकर्षण गराएका थिए । सांसद बुद्धिमान तामाङले जनावरलाई बढी संरक्षण गरेर मानिसलाई कम संरक्षणमा पार्ने गर्दा समस्या आएको बताए ।

सांसद शेरबहादुर कुँवरले आगलागी नहोस् भनी जनचेतनाका के कस्ता कार्यक्रम गरिएको छ भनी जिज्ञासा राखे । सांसद सीता मिजारले नुवाकोटको दुप्चेश्वर क्षेत्रमा भएको आगलागीका पीडितले कहिले क्षतिपूर्ति पाउँछन् भनी प्रश्न गरेकी थिइन् ।

सांसद निशा डाँगीले तराइ क्षेत्रमा हात्ती र मानवबीचको द्वन्द्व नियन्त्रण गर्न के कार्यक्रम छ भनी जिज्ञासा राखेकी थिइन् । सांसद सराज अहमद फारुकीले वातावरणीय पर्यटनको के कार्यक्रम छ भनी प्रश्न राखे । सांसद हरि ढकालले कृत्रिम वर्षा गराएर वन डढेलो रोक्न सकिने भएकाले यसतर्फ सरकारको के कार्यक्रम के छ भनी प्रश्न गरे ।

सांसद महेशकुमार बर्तौलाले औद्योगिक क्षेत्रमा सहजीकरण गर्न वन मन्त्रालयको के कार्यक्रम छ भनी प्रश्न गरेका थिए । सांसद शङ्कर भण्डारीले तनहुँको व्यास र भानु नगरपालिकामा खुला प्राणी बनाउन जग्गा अधिग्रहण गरिएकामा अहिले के भइरहेको छ भनी प्रश्न गरेका थिए । सांसद अब्दुल खानले वन तथा वातावरण मन्त्रालयले कहिले एकीकृत कानुन बनाउँछ भनी जिज्ञासा राखे । सांसद कुसुमदेवी थापाले कृषि मन्त्रालयले रासायनिक मल ल्याउने गरेकामा वन मन्त्रालयसँग मिली जैविक मल बनाए विदेशबाट मलको भर नपर्ने अवस्थाको सृजना गर्न माग गरिन् ।

सांसद विना लामाले मध्यवर्ती क्षेत्रमा पटकपटक समस्या आउने गरेकाले एकीकृत रूपमा समाधानको व्यवस्था मिलाउनुपर्ने बताइन् । सांसद अमृतादेवी अग्रहरीले वन बढाउने के योजना छ भनी प्रश्न गरेकी थिइन् । सांसद अनिशा नेपालीले वनमा तस्करी रोक्ने के कार्यक्रम छ भनी जिज्ञासा राखेका थिइन् ।

सांसद योगेशकुमार भट्टराईले हिमनदी बढी पग्लिएर हिमाली क्षेत्रमा समस्या समाधान गर्ने के कार्यक्रम छ भनी सोधेका थिए । सांसद रामप्रकाश चौधरीले नेपालमा काठ कुहिएर जाने, विदेशबाट लाखौँको काठ आउने क्रमलाई कसरी व्यवस्थापन गर्ने भनी प्रश्न राखे । सांसद एकनाथ ढकालले वन तथा वातावरण क्षेत्रमा रहेका समस्या समाधानका लागि सांसदले के सहयोग गर्न सक्छन् ? त्यो गर्न तयार रहेको बताए ।

सांसदत्रय रामकृष्ण यादव, अशोककुमार चौधरी, देव तिमल्सिनाले आगलागीको समस्या प्रत्येक वर्ष दोहोरिने गरेकाले समाधानका लागि ठोस काम गर्नुपर्ने माग गरे । सांसद किरणकुमार साहले मधेश प्रदेशमा घर भित्याउने बाली निलगाई र बँदेलले तहसनहस गर्छ यसलाई व्यवस्थापनको के कार्यक्रम छ भनी प्रश्न राखेका थिए । रासस

# विधेयक सर्वसम्मतले पारित




**विराटनगर ।**
कोशी प्रदेशसभाको सोमबारको बैठकमा ‘मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाको अन्य शर्तसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक’ सर्वसम्मतले पारित गरेको छ ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले विधेयक पारित गरियोस् भनी प्रस्ताव सदनमा पेस गरेका थिए । सो विधेयकमा नेपाली कांग्रेसका कोशी प्रदेशसभा सदस्य शोभा चेम्जोङले दर्ता गरेको संशोधनको प्रस्ताव फिर्ता लिएपछि सो विधेयक पारित भएको हो ।

विधेयकको सम्बन्धमा संविधानले दिएको अधिकारभित्र रहि विधेयक आएको र महान्यायाधिवक्ताको मातहत रहने मुख्यन्यायाधिवक्ताको सेवा, सुविधा जिल्ला न्यायाधीश वा मुख्यन्यायाधीशले प्राप्त गर्ने सरहको सुविधा प्रदान गर्न यो विधेयक ल्याइएको जानकारी दिए ।

त्यसैगरी कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल सुरु भएको छ ।

सैद्धान्तिक छलफलमा सदस्य मैया श्रेष्ठले प्रदेशमा आमसञ्चारलाई व्यवस्थित गर्न विधेयक कोसेढुङ्गा हुने धारणा राखे । उनले पत्रकारिता व्यवस्थित, मर्यादित एवं नागरिकप्रति जिम्मेवार बन्न यो विधेयक उपयोगी हुने भएकाले विधेकयले पत्रकारहरुको सीप, क्षमता र दक्षता निखार्न मद्दत गर्ने बताए ।

उनले विधेयकले परिकल्पना गरेको प्रदेश सञ्चार प्रतिष्ठानको गठन समावेशी हुनेतर्फ सरकारको ध्यानाकर्षण गराउँदै ऐनमा तोकेबमोजिमको शब्दले सरकारलाई तजबिज गर्ने अधिकार सुरक्षित रहने भएकाले तोकेबमोजिमको शब्द हटाउन माग गरे । उनले सानो लगानीबाट सञ्चालित सञ्चारगृहहरुको उत्नयनमा विधेयक फलदायी बन्ने र विधेयक नियमनसँगै प्रवद्र्धनतर्फ सरकारको ध्यान जाओस् भने ।

सैद्धान्तिक छलफलमा सपना दर्जी, गोम्बु शेर्पा र तिलचन पाठकले आ–आफ्नो धारणा राख्नुभएको थियो ।

भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले सरकार जनताप्रति पूर्णउत्तरदायी रहेको बताए । यही माघ ७ गतेदेखि आजसम्म संसद्मा शून्य समय र विशेष समयमा सांसदहरुले राखेको जिज्ञासाको जवाफ दिँदै उनले सरकारले रुग्ण र जर्जर अवस्थामा रहेका योजनाको निरीक्षण एवं अनुगमन गरी तत्काल काम सम्पन्न गर्न निर्देशन दिएको जानकारी दिए ।

बर्सातको समयमा आएको बाढी र पहिरोले सबैभन्दा बढी हानिनोक्सानी भएको जिल्ला पाँचथर भए पनि अन्य जिल्लाहरुबाट हानिनोक्सानीको विवरण बढी आएको जानकारी दिँदै बर्सात र बाढीका कारण भत्केका बाटो, पुल र अन्य संरचना सरकारले समयमै निर्माण गर्ने बताए ।

उनले नागरिकलाई सेवा प्रदान गर्न बनेको यो सरकार ऐन, कानुन र कार्यविधिलाई संशोधन गरेर भए पनि सेवा दिन तत्पर रहेको बताउँदै सहिद बेपत्ता आवासको विषयमा छलफल भइरहेको जानकारी दिए ।

उनले प्रदेश सरकारको पुनर्निर्माण कोषमा रु ४० करोड रहेको र यसैबाट बाढी पहिरोका कारण भत्केका योजनाहरु निर्माण गरिने बताए।

बहुवर्षीय योजनाका बारेमा सरकारले छलफल गरिरहेको बताए। उनले प्रदेश सरकारले सार्वजनिक गरेको प्रदेश सडक सञ्जाल योजनामा छुटेका योजनाहरु समावेश गरिने स्पष्ट पारे ।

विशेष समय

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलको तर्फबाट गणेशप्रसाद उप्रेतीले सरकार आफ्ना जिम्मेवारीबाट हट्न नहुने बताए । उनले डिपिआर गर्ने तर योजना सञ्चालित नहुँदा राज्यको पैसा खेर गइरहेकाले यसतर्फ सरकारको ध्यान जानुपर्ने बताए ।

शून्य समय

शून्य समयमा मुलुकको समसामयिक विषयमा कोशी प्रदेश सदस्य प्रदीपकुमार सुनुवार, खिनु लङवा लिम्बू, गोम्बु शेर्पा, हिमाल कार्की, नीरन राई, जयप्रकाश चौधरी, मालतीकुमारी लिम्बू, रामप्रसाद महतो र रामदेव यादवले पनि बोलेका थिए। प्रदेशसभाको अर्को बैठक मंगलबार दिउँसो १ बजे बस्नेछ । रासस

# सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८१ सर्वसम्मत पारित



**काठमाडौँ ।**
प्रतिनिधिसभाले सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ सर्वसम्मत पारित भएको छ । सभाको सोमबारको बैठकमा उक्त विधेयक सर्वसम्मत पारित भएको सभामुख देवराज घिमिरेले घोषणा गरे ।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सभामुख घिमिरेको अनुमतिमा उक्त विधेयक पारित गर्न प्रस्ताव पेस गरेका थिए । उनले यस विधेयक कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको सदनलाई जानकारी दिए ।

सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ का सम्बन्धमा अर्थ समितिको प्रतिवेदन १ र २ मा उल्लेखित संशोधनहरू सर्वसम्मत स्वीकृत भएको हो ।

सभामुख घिमिरेले अर्थ समितिको प्रतिवदेनमा क्रम सङ्ख्या १ र २ मा उल्लेखित संशोधन विधेयकको अङ्ग बनेको घोषणा गर्दै विधेयकको २ देखि ४५ सम्म सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८१ को अंक बनेको जानकारी गराए ।

उपप्रधान एवं अर्थमन्त्री पौडेलले भने,‘प्रस्तावित विधेयकमा भएका व्यवस्थाहरूको कार्यान्वयनबाट चल सम्पत्तिको धितोमा हुने कारोबार सुरक्षित र व्यवस्थित भइ चल सम्पत्ति उपरको दायित्व परिपालना हुने र यसले चल सम्पत्तिको धितोमा हुने आर्थिक क्रियाकलाप बढोत्तरी हुने अपेक्षा लिइएको छ ।’

सभाको अर्को बैठक मङ्गलबार दिउँसो १ बजेका लागि तय भएको छ । रासस

# मिडिया काउन्सिल विधेयक राष्ट्रियसभाबाट पारित

**काठमाडौं ।**
मिडिया काउन्सिल विधेयक, २०८० राष्ट्रिय सभाबाट सर्वसम्मतिले पारित भएको छ । सोमबार बसेको राष्ट्रिय सभाको बैठकले मिडिया काउन्सिल विधेयक, २०८० सर्वसहमतिले पारित गरेको हो । बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पारित गर्न प्रस्ताव पेश गरेका थिए ।

बैठकमा राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले मिडिया काउन्सिल विधेयक, २०८० राष्ट्रिय सभाबाट सर्वसहमतिले पारित भएको घोषणा गरे ।

सरकारले नियुक्त गरेको व्यक्ति नै काउन्सिलको अध्यक्ष हुने प्रावधानलाई राष्ट्र सभाले सदर गरेको छ । विज्ञ तथा सरोकारवाहरूले उठाउँदै आएको काउन्सिलको नेतृत्वसम्बन्धी मूल विषयलाई यथावत राखेर काउन्सिलका काम कारबाहीमाथि सरकारको छाया कामयै हुने गरी विधेयक राष्ट्रिय सभाले पारित गरेको हो ।

राष्ट्रिय सभा सदस्य राजेन्द्र लक्ष्मी गैरेले जस्ताको तस्तै विधेयक पारित गर्न नहुने भन्दै आपत्ति जनाएकी थिइन् ।

उनले काउन्सिलको अध्यक्ष ‘सरकारले नियुक्त गर्ने’ भन्ने प्रावधान हटाएर नियुक्ति सरकारको छायाँमुक्त गर्नुपर्ने धारणा राखे पनि बहुमतले पारित गरेको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय सभाको समितिमा विधेयकमाथि पर्याप्त छलफल भएको उल्लेख गर्दै विधेयकलाई सर्वसम्मतिमा पारित गर्न अनुरोध गरेका थिए ।

पत्रकारिता क्षेत्रको वर्तमान नियामक प्रेस काउन्सिल नेपाललाई आमसञ्चार परिषद् वा ‘मिडिया काउन्सिल नेपाल’ नामकरण गर्दै राष्ट्र सभाले विधेयक स्विकृत गरिएको छ । यसअघि माघ १८ को बैठकमा राष्ट्र सभाको विधायन व्यवस्थापन समितिकी सभापति तुलसाकुमारी दहालले विधेयकसम्बन्धी प्रतिवेदन पेस गरेकी थिइन् । सोमबार मन्त्री गुरुङले उक्त प्रतिवेदनमाथि छलफल गर्न र विधेयक पारित गर्न प्रस्ताव प्रस्तुत गरेका थिए । सभाले प्रतिवेदन पारित गर्दै यसलाई विधेयकको अंग बनाउन स्वीकृति दिएको थियो ।

मिडिया काउन्सिल विधेयकले प्रेस जगत्लाई सरकारको नियन्त्रणमा राख्न खोजेको भन्दै विज्ञ तथा सरोकारवालाहरूले चर्को आलोचना गर्दै आएका छन्। सञ्चार माध्यमहरूलाई व्यवस्थापन तथा नियमन गर्न भन्दै सरकारले तयार पारेको विधेयकमाथि राष्ट्रिय सभाको विधायन समितिमा दफावार छलफल भएको थियो । गत असारमा सांसद, विज्ञ र सरोकारवालाले विधेयकको सैद्धान्तिक पक्षमै प्रश्न उठाएपछि समितिले सञ्चारमन्त्री, सचिव र उच्च अधिकारीहरूसँग छलफल पनि गरेको थियो । राष्ट्रिय सभाको अर्को बैठक फागुन ४ गते आइतबार बस्नेगरी स्थगित भएको छ । रासस

# म्याग्दीमा सुन्तला उत्पादन २५ प्रतिशतले बढ्यो



**म्याग्दी ।**
म्याग्दीमा यस वर्ष सुन्तला उत्पादन करिब २५ प्रतिशतले वृद्धि भएको छ । सुन्तला म्याग्दीमा बिक्री हुने प्रमुख कृषि उपज हो । गत वर्षको तुलनामा यसपाली सुन्तला उत्पादन २४ दशमलव ७० प्रतिशतले वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख सञ्जिव बाँस्तोलाले नयाँ बगैँचा विस्तार, अनुकूल मौसम र रोग कीराको समस्या नियन्त्रण भएकाले सुन्तलाको उत्पादन बढेको बताए ।
'गतवर्ष तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको म्याग्दीमा यो वर्ष चार हजार ७८१ मेट्रिकटन उत्पादन भएको छ', उनले भने 'म्याग्दीका कृषकले यसवर्ष ३३ करोड ४६ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन् ।'
सरदर प्रतिकिलो ७० रुपैयाँका दरले सुन्तला बिक्री भएको छ । यसवर्ष प्रतिहेक्टर ११ दशमलव २५ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताए । गत वर्ष प्रतिहेक्टर आठ दशमलव छ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको थियो ।
म्याग्दीमा ८१० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकामा ४२५ हेक्टरमा फल लाग्ने गरेको कृषि ज्ञान केन्द्रको तथ्यांक छ । गतवर्ष २४ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो ।
कृषि ज्ञान केन्द्रका प्राविधिकहरुले 'क्रप कटिङ' विधिबाट सुन्तलाको उत्पादनको अवस्थाको बारेमा उत्पादनको अवस्था पहिचान गरेका हुन् । उत्पादन दिने बोट थपिएको र मौसमले साथ दिएकाले सुन्तला उत्पादन बढेको मङ्गला गाउँपालिका–३ दहका कृष्णलाल सापकोटाले बताए ।
राखु, मरेक, सुर्केमेला, बरंजा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैँचा छन् ।
जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिन लगायतका बजारमा सुन्तला बिक्री हुने गरेको छ । यातायात सुविधा भएकाले व्यापारी सुन्तला किन्न गाडी लिएर बगैँचामै आउने गरेका छन् ।
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र र स्थानीय तहको कृषि शाखाले सुन्तलाका बिरुवा वितरण, प्राविधिक तालिम, बगैँचा व्यवस्थापन, साना सिँचाइ र बजारीकरणमा सहयोग गर्दै आएका छन् । यसवर्ष ४०० रोपनीमा सुन्तला बगैँचा सुदृढीकरण कार्यक्रम सञ्चालन र थप ४० रोपनीमा खेती विस्तार गर्ने कार्यक्रम रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । रासस

## अनलाइन जुवा खेलाएको आरोपमा २३ जना भारतीय पक्राउ

**काठमाडौँ ।**
बूढानीलकण्ठ नगरपालिका–३ स्थित एक घरमा अनलाइन जुवा खेलाएको आरोपमा प्रहरीले २३ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।
जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक अपीलराज बोहराले हिजो रातिदेखि आज बिहानसम्म गरिएको अपरेशनमा २३ जनालाई पक्राउ गरी उनीहरूसँग रहेका ८८ मोबाइल, १० ल्यापटप र रु ८१ हजार नगद बरामद गरिएको जानकारी दिए ।
स्थानीय दोर्जी लामाको दुई तले घरमा अनलाइन जुवा सञ्चालन गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको हो । उनीहरूलाई सट्टेबाजी गर्न नहुने कसुरअन्तर्गत म्याद लिएर अनुसन्धान गरिने प्रहरीले जनाएको छ । रासस

# दोहोरो अंकमा आर्थिक वृद्धिदर हासिल गर्ने विषयमा बहस



**काठमाडौँ ।**
नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का संयोजक डा बाबुराम भट्टराईले कृषि क्षेत्रको उत्पादन वृद्धि, न्यायपूर्ण वितरण तथा हरित ऊर्जाको प्रयोगलाई जोड दिने गरी नीति तर्जुमा गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।
आइतबारदेखि सुरु भएको पार्टीको पहिलो महाधिवेशनको बन्द सत्रमा नेता तथा कार्यकर्ताले उठाएका प्रश्नको जवाफ दिँदै उहाँले कृषि क्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउने तथा छोटो समयमै दोहोरो अङ्कमा आर्थिक वृद्धिदर हासिल गर्न सकिने विषयलाई राज्यले प्राथमिकतामा राख्नुपर्ने धारणा राखेका हुन ।
संयोजक डा भट्टराईले भने,'त्यसका लागि राज्यको कुल बजेटको ४० प्रतिशत विकासमा खर्च गरिनुपर्छ । अरुले घिस्रने कुरा गरेका छन्, हामीले उफ्रने र उड्ने लक्ष्य बनाउनुपर्छ । विकास र समृद्धि प्राप्त गर्न पहिले उत्पादन बढाऔँ, पुग्ने गरी बाडौँ । शिक्षा, स्वास्थ्य, रोजगारी राज्यबाटै सुनिश्चित गरौँ ।'
वैदेशिक लगानी भित्र्याउन विद्यमान कानुनी अड्चनमा सुधार गर्दै पुँजीपतिसँग सम्झौताका साथ ठूला पूर्वाधार निर्माण गर्न सकिने भन्दै उनले यसबाट रोजगारी र राजस्व प्राप्त हुने भएकाले प्रोत्साहनको नीति आवश्यक रहेको बताए ।
संयोजक डा भट्टराईले योग र ध्यानको माध्यमद्वारा समाजमा सद्भाव काम गर्दै भौतिकसँगै मानसिक र आध्यात्मिक खुसीका लागि काम गर्नुपर्नेमा जोड दिए । यसका लागि राजनीतिक स्थिरता र सुशासन चाहिने भएकाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली अवलम्बन गरिनुपर्ने उनको भनाइ थियो ।
कमलादीस्थित नेपाल प्रज्ञा–प्रतिष्ठानमा जारी महाधिवेशनमा एक हजार पाँच सय प्रतिनिधिले भाग लिइरहेका छन् । महाधिवेशनले ११ जना पदाधिकारीसहित ९९ सदस्यीय केन्द्रीय समिति चयन गर्नेछ । प्रचार विभाग प्रमुख मानुषी यमीले दलभित्रको आन्तरिक लोकतन्त्रलाई बलियो तुल्याउँदै पार्टी सुदृढीकरण, असल राजनीतिक अभ्यास, संविधानको मर्मअनुरुप समावेशी चरित्रको सङ्गठन निर्माणलाई प्राथमिकता दिइने बताए । महाधिवेशनको बन्दसत्रमा संयोगकबाट प्रस्तुत राजनीतिक र साङ्गठनिक प्रस्तावमाथि समूहगत छलफल भएको छ । अब संयोजकबाट छलफलमा उठेका प्रश्नको सम्बोधन भएसँगै निर्वाचन आयोगलाई जिम्मेवारी हस्तान्तर गरिने जनाइएको छ । रासस

# नेपाल–भारत अन्तरदेशीय प्रसारणलाइन निर्माणको 'मोडालिटी' तयार गरिँदै

**काठमाडौँ ।**
नेपाल, भारत र बंगलादेशबिच अन्तरदेशीय प्रसारणलाइन निर्माणको 'मोडालिटी' तय गरिने भएको छ । नेपालबाट भारत र बंगलादेशमा सन् २०३५ सम्म १५ हजार मेगावाट विद्युत् निर्यातका लागि आवश्यक प्रसारणलाइन निर्माणका लागि भारतको नयाँदिल्लीमा नेपाल र भारतबिच सचिवस्तरीय बैठकमार्फत मोडालिटी तय गर्न लागिएको हो ।
नेपाल र भारतबिच मंगलबार हुने सचिवस्तरीय बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यसहितको टोली आज नयाँदिल्ली प्रस्थान गरेको छ । दुई देशको सचिवस्तरीय वार्ता र सहमतिपछि प्रसारणलाइन निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।
यही माघ ९ गते नेपाल र भारत ऊर्जा सहसचिवस्तरीय कार्यदलको १२औँ बैठकमा अन्तरदेशीय प्रसारणलाइन निर्माण र विद्युत् आयात तथा निर्यातलाई थप सहज बनाउने सहमति भएको थियो । सोही सहमति दुई देशबिचका सचिवस्तरीय बैठकले अनुमोदन गरेपछि कार्यान्वयनमा आउने मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिए ।
बैठकमा नेपाल र भारतबिचको मौजुदा विद्युत् प्रसारणलाइनहरू, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरू, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजनाहरू तथा सम्बद्ध प्रसारणलाइन आयोजना र अन्तरदेशीय विद्युत् आयात–निर्यातका विषयमा छलफल भएको थियो ।
नेपालको इनरुवादेखि भारतको पूर्णिया र नेपालको दोधारादेखि भारतको बरेलीसम्म ४०० केभीका दुई प्रसारणलाइन निर्माण कार्य सन् ०३० सम्म सम्पन्न गर्ने सहमति भएको छ । उक्त प्रसारणलाइन नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन लिमिटेडको सेयर स्वामित्व रहने गरी दुवैतर्फ संयुक्त कम्पनी स्थापना हुनेछ । दुई देशबिचको सम्झौतापछि नेपालतर्फ रहने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ रहने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहनेछ । दुवैतर्फका कम्पनीमा बाँकी ४९ प्रतिशत सेयर स्वामित्व अर्को देशको रहने व्यवस्था हुनेछ ।
यसैगरी, चमेलिया–जौलजीवी २२० केभी डबल सर्किट प्रसारणलाइनको डिपिआर सन् २०२५ सम्म सम्पन्न गरिने सहमति भएको छ । यस्तै, ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइनको क्षमता आठ सय मेगावाटबाट बढाएर एक हजार मेगावाट पु¥याउने बताइएको छ । यस्तै सन् २०३५ सम्ममा चार सय केभीका निजगढ–मोतिहारी र कोहलपुर–लखनऊ प्रसारणलाइन निर्माण सम्पन्न गरिने सहमति भएको छ । उक्त सहमतिलाई दुई देशबिचको सचिवस्तरीय बैठकले अनुमोदन गर्नेछ ।
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सन् २०३५ सम्म १५ हजार विद्युत् विदेशमा निर्यात गर्न सरकारले राखेको लक्ष्य पूरा गर्न यस्ता प्रसारणलाइन निर्माण सम्झौताले ठुलो सहयोग पुग्ने बताए । आगामी दिनमा थप विद्युत् निर्यात गर्ने गरी अन्तरदेशीय प्रसारणलाइनको संरचना बनाउँदै अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । यसअघि नेपाल र भारतबिच १० वर्षमा १० हजार मेगावाट निर्यातका लागि दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छ भने बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात सुरु भइसकेको छ । रासस

# पूर्वीनाकाबाट साँढे १४ अर्बको कृषिजन्य वस्तु निर्यात



**झापा ।**
पूर्वीनाका काँकरभिट्टाबाट चालु आर्थिक वर्षको छ महिनामा १४ अर्ब ५६ करोड ६३ लाख बराबरको कृषिजन्यवस्तु निर्यात भएको छ ।
प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चन्द्रेश्वर ठाकुरका अनुसार निर्यात हुने मुख्य वस्तुहरूमा अलैँची, चिया, प्लाइ तथा भेनियर, अदुवा, अम्रिसोलगायत रहेका छन् ।छ महिनामा सबैभन्दा धेरै चिया छ अर्ब ८२ करोड, अलैँची चार अर्ब २२ करोड ६० लाख, प्लाइ तथा भेनियर एक अर्ब ९१ करोड १३ लाख रुपैयाँ मूल्य बराबरको निर्यात भएको उनले जानकारी दिए ।यस्तै, अदुवा २६ करोड १३ लाख, अम्रिसो ४९ करोड ७४ लाख, बन्दा आठ करोड १७ लाख, जडीबुटी दुई करोड ६३ लाख, मसुरो दाल एक रोड ५५ लाख मूल्य बराबरको निर्यात भएको छ । सूचना अधिकारी ठाकुरले सोही अवधिमा पूर्वी नाकाबाट एक अर्ब ९६ करोड ६७ लाख ५० हजार मूल्य बराबरको कृषिजन्य मालवस्तु आयात भएको जानकारी दिए ।
आयात हुने मुख्य वस्तुमा कोदो, गेडागुडी दलहन, चामल, ताजा तरकारी, ताजा फलफूल, लसुन, आलु, मकै पशु दानालगायत रहेका छन् ।
क्वारेन्टिन कार्यालयको तथ्यांकअनुसार कोदो १० करोड ९५ लाख ६८ हजार, चामल तीन करोड तीन लाख, ताजा तरकारी १८ करोड २३ लाख रुपैयाँ मूल्य बराबरको आयात भएको छ ।
यसैगरी ताजा फलफूल २० करोड १८ लाख, लसुन ६१ करोड ७५ लाख, आलु २१ करोड ७४ लाख मूल्य बराबरको आयात भएको क्वारेन्टिन कार्यालयले जनाएको छ । रासस

# कर्णालीबाट चार अर्ब बढीको कृषि तथा पशुजन्य उपज निकासी

**सुर्खेत ।**
कर्णाली प्रदेशबाट एक वर्षमा चार अर्ब रुपैयाँ बढीको खाद्यन्न, फलफूलसँगै पशु र दुग्धजन्य पदार्थ निकासी हुने गरेको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशका अनुसार गत आर्थिक वर्ष २०८०÷८१ मा चार अर्ब रुपैयाँ बढीको खाद्यन्न, फलफूल, खसी बोका र दुग्धजन्य पदार्थ निकासी भएको हो ।
आर्थिक वर्ष २०७९÷८० मा पनि कर्णाली प्रदेशका दश जिल्लाबाट चार अर्ब सात करोड १८ लाख ६६ हजारको खाद्यन्न, फलफूल तथा खसी बोका निकासी भएको थियो । विशेषगरी कर्णालीबाट खाद्यन्नमा मकै, कोदो, कागुनो चिनो, फापरलगायतका रैथाने बाली निकासी हुने गरेको छ, भने तरकारी, तरकारीको बीउ, सुन्तला, स्याउ, अदुवा, बेसार, आलु लगायतका वस्तु निकासी हुने गरेको छ ।
यी वस्तु बाँकेको नेपालगञ्ज, बुटवल, चितवन, काठमाडौँ, पोखरा तथा कैलाली, कञ्चनपुरमा निकासी हुने गरेको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले जानकारी दिए । उनका अनुसार कृषि उपज निकासीबाट कर्णालीमा बर्सेनि करिब दुई अर्ब रुपैयाँ रकम भित्रिने गरेको छ । आर्थिक वर्ष २०७९÷८० मा कर्णाली प्रदेशले कृषि वस्तु निकासीबाट एक अर्ब ७९ करोड रकम भित्राएको थियो । भने गत आर्थिक वर्षमा करिब दुई अर्बको आम्दानी कृषि वस्तुबाट गरिएको उनले बताए ।
यसैगरी, पशुपक्षीजन्य उपज निर्यात गरी कर्णाली प्रदेशले रु दुई अर्ब ३० करोड रकम वार्षिक आम्दानी गर्ने गरेको छ । पशुपक्षी अन्तर्गत खसीबोका निकासीबाट मात्रै वार्षिक एक अर्ब ९६ करोडको आम्दानी हुने गरेको पशुपक्षी निर्देशनालयले जनाएको छ ।
वार्षिक एक लाख २३ हजार मेट्रिक टन खसीबोका निकासी हुने गरेको निर्देशनालयको तथ्याङ्क छ । यस्तै दूध बिक्रीबाट ३० करोड ३३ लाख आम्दानी हुने गरेको छ । कर्णालीबाट, राडीपाखी, खरायोको टोपी, कोटको कपडालगायतका पशुजन्य उपज निकासी हुने गरेको छ ।

**दूधमा अनुदान दिएपछि उत्पादनमा वृद्धि**

कर्णाली प्रदेश सरकारले दुध उत्पादक किसानलाई दूधमा अनुदान दिँदै आएको छ । माथिल्लो कर्णालीका हुम्ला, जुम्ला, कालीकोट, मुगु र डोल्पाका किसानले उत्पादन गर्ने दूधको लागि लिटरमा १० रुपैयाँ र तल्लो कर्णालीका सुर्खेत, दैलेख, रुकुम पश्चिम, सल्यान, जाजरकोटका किसानले उत्पादन गर्ने दूधमा लिटरमा ५ रुपैयाँ अनुदान दिँदै आएको छ । जसले गर्दा किसान पशुपालन व्यवसाय आकर्षित हुन थालेका हुन भने दूधको उत्पादनमा समेत वृद्धि भएको छ ।
अहिले कर्णालीमा खपत भएर पनि वार्षिक पाँच हजार दुई सय ६० मेट्रिक टन दूध निकासी हुने गरेको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । मन्त्रालयका प्रवक्ता कठायत भन्छन्,'विगतमा माथिल्लो कर्णालीमा पाउडर दूधको प्रयोग हुने गरेको थियो । जव प्रदेश सरकारले दूधमा अनुदान दिन थाल्यो अहिले दूध उत्पादनमा वृद्धि भएको छ, अब प्रदेश करिब दूधमा आत्मनिर्भर हुँदै गएको छ ।'
प्रदेश सरकारले युवा लक्षित कार्यक्रम ल्याएको भन्दै व्यवसाय गर्ने किसानका लागि सरकारले विशेष कार्यक्रम सञ्चालन गरिरहेको कठायतले जानकारी दिए । प्रदेश सरकारले व्यवसाय गर्ने किसानको लागि ब्याज अनुदानदेखि उत्कृष्ट किसान पहिचान गरी पुरस्कृत गर्ने गरेको उहाको भनाइ छ । रासस

# अर्जुन ट्रफीको उपाधि अत्तरियालाई




**कैलाली ।**
धनगढीमा सम्पन्न 'अर्जुन ट्रफी राष्ट्रिय टी–२० क्रिकेट' को उपाधि सिवाइसी अत्तरियाले जितेको छ । सोमबार सम्पन्न फाइनल खेलमा अत्तरियाले फ्रेन्ड्स युथ क्लब डडेल्धुरालाई ३४ रनले पराजित गरेको हो । उपाधिसँगै अत्तरियाले १० लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । उपविजेता डडेल्धुराले पाँच लाख रुपैयाँ पुरस्कार पायो ।
जितका लागि एक सय १९ रनको लक्ष्य पाए पनि डडेल्धुराले ८४ रन मात्र बनायो । डडेल्धुराका लागि गजेन्द्र बोहराले २४, कुशल भुर्तेलले २० र अशोक धामीले १० रन बनाए । बलिङतर्फ अत्तरियाका लागि शाहव आलम र दिपेश कँडेलले तीन तीन तथा कमल गुप्ता र विवेक यादवले दुई दुई विकेट लिए । यसअघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको अत्तरियाले निर्धारित २० ओभरको ९ विकेटको क्षतिमा एक सय १८ रन बनायो ।
उसका लागि रासिद खानले ३१, कप्तान सन्तोष कार्कीले २० र शङ्कर रानाले २० रन बनाए ।बलिङतर्फ डडेल्धुराका लागि अभिषेक गौतमले ४ ओभरमा १५ रन खर्चेर ४ विकेट लिए । कुशल भुर्तेल र अभिषेक चौहानले एक एक विकेट लिए । प्रतियोगितामा आठ टोली सहभागी थिए । रासस

### राष्ट्रियसभा सदस्य गोपाल भट्टराई

# वाम–लोकतान्त्रिक सहकार्यको प्रस्ताव राष्ट्र हितमा छः सांसद भट्टराई



## सांसद गोपाल भट्टराईको परिचय

*विसं २०२४ देखि तत्कालीन नेपाल कम्युनिष्ट पार्टीमा आबद्ध भएदेखि विद्यार्थी, युवा र किसान सङ्गठन र पार्टीको विभिन्न तहमा निरन्तर सक्रिय राष्ट्रियसभा सदस्य गोपाल भट्टराई हाल नेकपा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्यको जिम्मेवारीमा रहेका छन् । कृषि पेसामा संलग्न भई जीवनयापन गरिरहेका उनी लुम्बिनी प्रदेश रुपन्देही जिल्ला तिलोत्तमा–५ निवासी हुन् । उनी हाल सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति सदस्यको हुन् । रासस*

**काठमाडौँ ।**

अहिले संविधान संशोधनको बहस विभिन्न कोणबाट भइरहेको छ । मुलुकमा देखिएका राजनीतिक विकृति अन्त्यका लागि संविधान संशोधन अपरिहार्य हुन्छ । संविधान संशोधनका क्रममा जनताका अधिकार, समानुपातिक तथा समावेशीकरणलाई आघात नपुग्ने गरी मूलतः निर्वाचन प्रणालीलाई सच्याउनुपर्छ । प्रदेश र संसद् सदस्य संख्या पनि घटाउने र निर्वाचन प्रक्रियाबाटै समावेशी गराउँदा उचित हुन्छ । हालको प्रणालीले समावेशीताको उद्देश्यलाई सम्बोधन गर्न सकेन । राजनीतिक निष्ठाभन्दा नेतृत्वले इच्छाएका तथा आफ्नो समूह र नातागोता सम्बद्ध व्यक्ति मात्रै छनोट हुनुपुग्यो । नेपालको हालको परिस्थितिमा तत्कालै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीसम्बन्धी व्यवस्था भइहाल्छ जस्तो लाग्दैन । मतदाताको स्थिति पनि भावनात्मक छ । त्यस्तो खाले मतदानले कहाँ पु¥याउँछ भन्ने ठेगान छैन । एउटा दलले बहुमत ल्याउने परिस्थिति सिर्जना गरिनुपर्छ ।



राजनीतिलाई स्थिर तुल्याउन आवश्यक न्यूनतम मत 'थ्रेसहोल्ड'को प्रतिशत बढाउनुपर्छ । एउटा दलको बहुमत भएन भने विभिन्न स्वार्थ समूहको चलखेलको अवस्था रहिरहन्छ । राजनीतिक स्थिरता नभइ भ्रष्टाचार र सुशासनको नारा भाषणमा मात्रै सीमित हुन पुग्छ । भ्रष्टाचारका न्यूनीकरणका लागि हालका प्रयासले मात्र पुग्दैन । सांसद भएपछि विकासका काममा लाग्नुपर्छ भन्ने मानसिकता पञ्चायतकालीन नै हो । अहिलेसम्म आइपुग्दा समेत त्यो सोचबाट मुक्त हुन सकिएको छैन । संविधान संशोधन गर्दा अब सांसदबाट मन्त्री नहुने भएमा बजेटका लागि दौडधूप गरिरहनुपर्ने स्थितिमा सुधार आउथ्यो कि ? यो पनि एउटा विकल्प हुनसक्छ । सरकार, संसद् र सांसदले मिलेर विगतदेखि नै फटाफट विधेयक ल्याएर काम गरेको भए अध्यादेशकै आवश्यकता किन पर्थ्यो र ? पछिल्लो समय थाँती रहेका महत्वपूर्ण कानुन अघि बढाउन सभामुख, अध्यक्ष र सरकारबाट अलि तदारुकता देखिएको छ । तथापि, राष्ट्रियसभाले भने आएका विधेयकलाई निष्कर्षमा पु¥याइरहेकै छ । तुलनात्मकरुपमा समयमै काम सम्पन्न गर्नेमा प्रतिनिधिसभाका समितिमा प्राविधिकसहित कोरमका कारणले पनि असर पारेको छ ।



संविधानको मूल मर्म र भावनाअनुरुप राष्ट्रियसभामा कतिपय सदस्यको चयन हुनसकेन भन्ने प्रश्नमा मेरो केही प्रतिक्रिया छैन । केही सदस्य अघिल्लो अधिवेशन अन्त्य भएपछि समितिका कुनै बैठकमा पनि उपस्थिति नभएको पनि हुनुहुन्छ । राजनीतिमा इमान्दार व्यक्ति पछि परेका छन् । विगतमा युवा विद्यार्थीलाई राजनीतिक र साङ्गठनिक विषयको ज्ञान दिलाएर शिक्षित तुल्याइन्थ्यो । परीक्षण गरेर मात्रै कमिटीमा ल्याइन्थ्यो । अहिले कमिटी प्रणाली नै ध्वस्तजस्तो अवस्थामा छन् । पार्टी कमिटी नाम मात्रमा सीमित छ । जनवर्गीय कमिटी लथालिङ्ग छ । त्यही नै हो, कार्यकर्ता उत्पादन गर्ने र युवापुस्तालाई अघि ल्याउने । त्यो नभएपछि राजनीतिक अराजकता देखिनु स्वाभाविक छ । यसमा पार्टीकै दोष छ । योजनाबद्धरुपमा काम भएको छैन । इमान्दारपूर्वक लाग्नेको आर्थिकस्तर कमजोर छ । हिजो समाज परिवर्तनकै मुद्दा प्राथमिकतामा थियो । अहिले लाभका लागि दौडिएको देखिन्छ । राजनीतिलाई केही मानिसले व्यवसाय बनाएपछि प्रश्न उब्जिएको हो । तर सबैलाई एउटै आँखाले हेरिनु हुँदैन । राजनीतिमा लागेर घरखेत गुमाएर टाट पल्टेका पनि मानिस छन् ।

सूचना प्रविधिका क्षेत्रमा पछिल्लो समय भएको तीव्र विकास र विश्वग्रामको अवधारणाले पनि युवापुस्तालाई विदेश पलायनमा प्रेरित गरेको छ । नेपाल हालको शिक्षा प्रणाली प्राविधिक र सीपमूलक भन्दा पनि बेरोजगार युवा उत्पादन गर्नेखाले छ । जसले अर्थोपार्जन गरी परिवार धान्न पनि युवालाई विदेश जान बाध्य पारेको छ । समाजको मनोविज्ञान पनि त्यस्तै छ । तथापि, पछिल्ला समय युवापुस्तालाई स्वदेशमै रोजगारी प्रदान गरी रोक्ने प्रयास पनि भइरहेको छ । अर्कोतर्फ पछिल्ला पुस्तामा मेहनत कम गर्ने सोचाइ देखिन्छ ।



सूचना तथा सञ्चार प्रविधि, शिक्षा, स्वास्थ्यका क्षेत्रमा मुलुकले निकै ठूलो प्रगति हासिल गरेको छ । पर्यटन र जलविद्युत् उत्पादनले लय समातेको छ । औद्योगिकीकरण, पूर्वाधार तथा कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउने कार्यमा भने प्रभावकारी योजनाको खाँचो छ । अहिले पनि चार÷पाँच लाख विदेशी नागरिक यहाँ श्रम गरिरहेका छन् । स्वास्थ्यका क्षेत्रमा राम्रै दृष्टिकोण आएको छ । धेरै काम अघि बढेका छन् । तत्काल राहत पाउने काम अघि बढाएर जनतालाई विश्वास लिएमा छोटो समयमै आर्थिकरुपमा मुलुकको कायपलट गर्न सकिन्छ । देशलाई आर्थिक समृद्धिमा लैजान प्रमुख दलबीचको सहकार्यमा गठित वर्तमान सरकारले एउटा मार्ग कोर्दै अघि बढ्ने कोसिस गरिरहेको छ ।

नेपालको राजनीतिक सङ्घर्षको इतिहास लामो छ । त्यसका लागि धेरै नागरिकले बलिदानी दिएका छन् । मुलुकको राजनीति अहिलेको अवस्थामा आइपुग्न वाम–लोकतान्त्रिक शक्तिको सहकार्य महत्वपूर्ण छ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टीका महासचिव पुष्पलालको नीति ठिक हुने तर राजनीतिक नेतृत्वमा आउन नसक्ने परिस्थितिबाट विभाजित वाम घटकबीचको एकीकरण र नेपाली कां◌्ग्रेसको कम्युनिष्टसँग मिलेर जानुपर्छ भन्ने सोचले देशमा एकखाले राजनीति वातावरण बन्यो । तत्कालीन नेकपा (एमाले)का महासचिव मदन भण्डारीले त्यसबीचमा पुष्पलालकै कार्यनीति र कार्यदिशालाई अभ्यासमा ल्याउनुभयो । त्यसबाट सहकार्यको एउटा माहोल सृजना भयो । विसं २०४८ को निर्वाचनपछि करिब १० वर्ष मुख्य शक्ति मिलेर जान पर्छ भनी एमाले अध्यक्ष मनमोहन अधिकारीले गर्नुभएको प्रस्तावलाई कांग्रेसले अस्वीकार ग¥यो । त्यही विन्दुबाट प्रतिस्पर्धाका नाममा अराजकता सुरु भयो । मुलुकमा राजनीतिक अभ्यास अघि बढ्दै जाँदा एमाले विभाजित भयो । ती सबै कारणले माओवादी आन्दोलन जन्मियो । माओवादी आन्दोलन सशक्त हुनु भनेको एमाले विभाजन नै थियो । माओवादी सशस्त्र विद्रोहले देशको आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा असर प¥यो । तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासनसत्ता हातमा लिए ।

त्यसपछि मात्र एमाले–कांग्रेसबीच मिलनविन्दु फेला प¥यो । देशभित्र विकसित विभिन्न परिस्थितिले त्यसबेला विसं २०४८ मा मनमोहनले राख्नुभएको प्रस्ताव कार्यान्वयन गर्ने चेत दुवै पार्टी नेतृत्वमा पलायो । विसं २०६४ को निर्वाचनको मत परिणामले हौसिएको माओवादी प्रभावले मुख्य दलबीचको विश्वास पुनः कमजोर तुल्यायो । देशमा विभिन्न परिस्थितिले लोकतन्त्रका लागि एउटै मोर्चामा सङ्घर्ष गरेका कांग्रेस–एमालेबीचमा सहकार्य र सहयात्राको अवसर अहिले फेरि जुटेको छ । मनमोहनले त्यसबेला अघि बढाएको सहकार्यको सन्देशलाई निरन्तरता दिएर जान सक्नुपर्छ । यसैबाट नेपाल र नेपालीको भलो हुन्छ भन्ने मलाई लागेको छ ।

# सतिश सिंह असफल मुख्यमन्त्रीको सूचीको पहिलो स्थानमा छन्: गुप्ता




**मधेशदृष्टि**
**रौतहट ।**
नेपाली कांग्रेस मधेश प्रदेश प्रचार प्रसार विभागका प्रमुख नितेशकुमार गुप्ताले मधेश प्रदेशको वर्तमान मुख्यमन्त्री सबैभन्दा असफल भएको गम्भीर आरोप लगाए । अहिलेसम्म कुल बजेको ४० प्रतिशत खर्च भईसक्नुपर्ने तर विकासको नाममा केही गर्न नसक्ने खाली भाषणमै सिमित भएको हुँदा विकासे बजेट खर्चको प्रतिशत शुन्य रहेकोमा दुःख व्यक्त गर्दै अहिले सम्मका मुख्यमन्त्रीहरुको सूचीमा सबैभन्दा असफल मुख्यमन्त्री सतिश सिंह रहेको गम्भीर आरोप लगाएका हुन् । नेपाल निजामती कर्मचारी युनियनको जिल्ला अधिवेशनलाई सोमबार जिल्ला समन्वय समितिको सभाकक्ष गौरमा सम्बोधन गर्दै प्रचार विभाग प्रमुख गुप्ताले जब सम्म नेपाली कांग्रेसको नेतृत्वमा मधेश सरकारको निर्माण हुँदैनन् तब सम्म मधेश प्रदेशमा विकासको लहर आउँदैन उनले ठोकुवा गरे ।

भ्रष्टाचार, लुटतन्त्र, कमिशन चक्करमा रहेका वर्तमान सरकारको कार्य नीतिबाट मधेशमा विकासको नममा भ्रष्टाचार मौलाउदै गएको बताए । उनले साना साना कर्मचारीलाई अख्तियारले समाउने तर ठूला ठूला कर्मचारीहरुलाई संरक्षण गर्ने गरेको टिप्पणी गरे ।

# खोप अभियानमा लापरबाही भएपछि सुधार्न सिडिओ अर्यालको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकामा सञ्चालन भइरहेको पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप अभियानमा गम्भीर लापरबाही भएको पाइएको छ ।
पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) गणेश अर्यालद्वारा गरिएको स्थलगत अनुगमनमा स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड नअपनाइएको, खोप केन्द्रहरू असुरक्षित रहेको र सहभागी किशोरीहरूलाई खोपसम्बन्धी कुनै जानकारी नदिइएको पाइएको हो ।

अनुगमनका क्रममा खोप उपकरणहरू उचित रूपमा व्यवस्थापन नगरिएको, सरसफाइको अभाव रहेको र खोपपछि किशोरीहरूलाई आराम गर्ने व्यवस्था समेत नभएको पाइएको सिडिओ अर्यालले बताए । किशोरीहरूलाई खोपको प्रकृति, उपयोगिता तथा सम्भावित असरबारे कुनै जानकारी नदिइनु र अनिवार्य परामर्श (काउन्सेलिङ) प्रदान नगर्नु गम्भीर त्रुटि भएको उनले बताए । खोप केन्द्रमा सूचना बोर्डको अभाव, स्वयंसेवकहरूको कम संख्यालगायत न्यूनतम सावधानी अपनाइएको नदेखिएको अनुगमनमा भेटिएको थियो । यस्ता त्रुटिहरू दोहोरिन नदिन सीडीओ अर्यालले वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई पत्राचार गर्दै तुरुन्त सुधारका लागि निर्देशन दिएका छन् ।

# शितलहरमा विपन्नलाई सहयोग गरेका संस्थालाई सम्मान गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा यसवर्ष चलेको शीतलहरका कारण प्रभावित गरिब तथा विपन्न परिवारहरूलाई न्यानो कपडा तथा आवश्यक राहत सामग्री वितरण गर्ने विभिन्न संस्थाहरूलाई जिल्ला प्रशासन कार्यालय पर्साले सम्मान गर्ने भएको छ । कार्यालयद्वारा जारी गरिएको पत्र अनुसार, राहत तथा विपद् व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गरेका विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलाई माघ २९ गते मंगलबार एक विशेष समारोहकाबीच उनीहरुलाई सम्मानित गर्न लागिएको हो । जिल्ल प्रशासन कार्यालय पर्साको सभा हलमा आयोजना हुने कार्यक्रममा रुंगटा वेलफेयर सोसाइटी, वीरगंज उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ, पर्सा शाखा, नेपाल रेडक्रस सोसाइटी, पर्सा, रोटरी क्लब अफ वीरगंज, नेपाल युवा उद्यमी मञ्च (वीरगंज च्याप्टर), ग्रिन सिटी सामुदायिक सेवा केन्द्र र लायन्स क्लब वीरगंजलाई सम्मानित गरिने सहायक प्रमुख जिल्ला अधिकारी निशानराज गौतमले जानकारी दिए । सामाजिक उत्तरदायित्व वहन गर्ने संस्थाहरूलाई हौसला प्रदान गर्ने उद्देश्यका साथ आयोजित सम्मान कार्यक्रममा प्रत्येक संस्थाका अध्यक्ष वा वरिष्ठ पदाधिकारीलाई उपस्थित हुन आमन्त्रण गरिएको गौतमले बताए ।

# परवानीपुर गोल्डकप: वीरगंज युनाइटेड विजयी




**मधेशदृष्टि**
**वीरगंज ।**
चौथो परवानीपुर गोल्डकप फुटबलमा वीरगंज युनाइटेड क्लव विजयी भएको छ । सोमबार परवानीपुर खेल मैदानमा भएको खेलमा वीरगंजले जनकपुर स्पोर्टस् क्लवलाई पराजित गरेको हो । जनकपुर र वीरगंजबीच भएको प्रतिस्पर्धात्मक खेलमा २–१ गोल अन्तरले जनकपुर पछि परेको हो ।
खेलमा जनकपुर क्लवका गोलकिपर सागर मगर म्यान अफ दि म्याच घोषित भए । उनले नगद ५ हजार रुपैँयासहित मेडल पुरस्कार प्राप्त गरे । प्रतियोगितामा मंगलबार बिएफसी चितवन र बेङखाडी युवा क्लव महोत्तरीबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको उपाधि विजेता टोलीलाई नगद तीन लाख १ हजार सहित मेडलसहित पुरस्कृत गरिनेछ भने उपविजेताले नगद एक लाख ५१ हजार सहित मेडल प्राप्त गर्नेछ ।

# अब म मुकुमलुङ जान्छु: राजेन्द्र महतो




**मधेशदृष्टि**
**वीरगंज ।**
वार्ताबाट समस्या समाधान गर्न सरकार इमानदार नभएको भन्दै नो केवलकार समूहले आन्दोलनको घोषणा गरेको छ । सोमबार पत्रकार सम्मेलन गरी माघ २९ गतेदेखि आन्दोलन गर्ने जनाइएको हो । पत्रकार सम्मेलनमा संघर्ष समितिको तर्फबाट बोल्दै राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले अब आफू ८ गते मुकुमलुङ पद यात्रा गर्ने बताएका छन् । आन्दोलनको कार्यक्रम मध्ये फागुन ६ देखि ८ गतेसम्म 'मुक्कुमलुङ बचाऔं पदयात्रा' घोषणा गरिएको छ । '८ गते समाजिक न्याय दिवस हो । त्यस अवसरमा मुन्धुम सभ्यता, मुकुमलुङको न्यायको निम्ति म त्यहाँ जान्छु । तपाईंहरू पनि जानुस् र विशाल पद यात्रा गरौं । अब लिम्बु एक्लै लड्दैन। अब कुनै समुदाय एक्ला एक्लै लडनु जरुरी छैन । डिभाइड एन्ड रुल अब चल्दैन। छुट्टाछुट्टै लडोस भनेर नै कोही बहिरिया यो आन्दोलनमा नआउनु भन्ने भाष्य निर्माण गर्न खोज्दै छ । तर, अब त्यो हुँदैन । अब हामी मिलेर लड्छौं,' उनले भने । अहिलेको सरकार निरंकुश तर्फ अघि बढेको उनको आरोप छ । 'बोल्न पाइँदैन भन्ने आसयको कानुन ल्याउन खोज्दै छ । माघ १२ गते प्रहरीले सभ्यताको रक्षार्थ शान्तिपूर्ण संघर्ष गर्नेहरू उपर गोली चलाउने यी सबै निरंकुशताको उधारण हो । अब वार्तामा बोलाइरहनु जरुरी छैन । त्यहाँ केवलकार बन्दैन । निर्णय गरे पुग्छ,' उनले भने । आन्दोलित पक्षले माघ २७ गते बेलुकासम्म उच्चस्तरीय वार्ता टोली गठन गर्न माग गरेको थियो । सरकारले माग सम्बोधन नगरेकाले फेरि आन्दोलनका कार्यक्रम घोषणा गर्नुपरेको महतोले बताए । अबको आन्दोलन अझै सशक्त हुने उनको चेतावनी छ । आन्दोलनकारीले केबलकारको अनुभूति तथा सम्झौता खारेजीका लागि दबाब दिन फुङलिङ नगरपालिकाको कार्यालय घेराउ, केबलकार निर्माण सामग्री ढुवानी नगर्न आग्रह, काठमाडौं, इटहरी र बिर्तामोडमा विरोध सभा गर्ने भएका छन् । यससँगै केबलकारको सम्झौता खारेजीका लागि कोशी प्रदेशका सबै जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापनपत्र बुझाउने, प्रदर्शन गर्ने पनि उनीहरूले तय गरेका छन् । त्यसपछि अनिश्चितकालीन यातायात बन्द र आमहडताल गर्ने चेतावनी दिएका छन् ।

# जसपा नेपाल निकट मुस्लिम र दलित संघ पर्साको समिति पुनर्गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
जनतासँग जसपा नेपाल, आधारभुत संगठन निर्माण अभियानको क्रममा जनता समाजवादी पार्टी(जसपा) नेपालले समाजवादी मुस्लिम संघ र समाजवादी दलित संघ, पर्साको जिल्ला समिति पुनर्गठन गरेको छ । वीरगंजको कुर्मी अतिथि सदनमा भएको कार्यक्रबाट नवि आलम गद्दी अध्यक्षतामा ४१ सदस्यीय समाजवादी मुस्लिम संघ पर्सा समितिलाई पुनर्गठन गरेको हो । त्यसैगरी राजदेव पासवानको अध्यक्षतामा ३१ सदस्यीय समाजवादी दलित संघ पर्सा समिति पुनर्गठन गरेको हो । कार्यक्रमलाई सम्बोधन गर्दै जसपा नेपालका केन्द्रीय महासचिव तथा मधेश प्रदेशको प्रथम मुख्यमन्त्री लालबाबु राउतले जसपा नेपाल मधेश प्रदेशमा जनआधार भएको प्रमुख पार्टी भएको बताए । मधेश आन्दोलनबाट स्थापित पार्टी भएकोले जसपा नेपालले मात्र देशमा मधेशी, मुस्लिम, आदीवासी जनजाति, दलित एवम् पिछ्डावर्गको मुद्दाको लागि लड्न सक्ने बताए ।



उनले सरकारले संसदमा प्रस्तुत गरेको छ वटा विधेयकमध्ये ५ वटालाई पास गर्ने पक्षमा रहेपनि भूमि व्यवस्था विधेयकलाई संशोधन गरेर मात्र पास गर्न समर्थन गर्ने बताए । 'जसपा नेपाल भूमि व्यवस्था सम्बन्धि विधेयकलाई आएज् इट इज पास गर्ने पक्षमा छैन, त्यसमा संशोधन आवश्यक छ ।', उनले भने ।

कार्यक्रममा प्रदेश सभा सदस्य सिङ्गासन सा कलवार, पूर्व मन्त्री शेख अबुल कलाम आजाद (फुलाबाबू), मुस्लिम बिभाग प्रमुख युसुफ अलि, मौलाना नुरुल होदा, जसपा नेपाल पर्साका जिल्ला अध्यक्ष रामनरेश यादव, केन्द्रीय सदस्य फिरोज मन्सुर, जसपा नेपाल पर्साका नेता शशि कपूर मियाँ, जसपा वीरगंज महानगर अध्यक्ष निरन्जन पटेल, समाजवादी मुस्लिम संघ मधेश प्रदेश अध्यक्ष मुशाहिद हुसेन लगायत पार्टीका नेता कार्यकर्ताको उपस्थिति रहेको थियो ।

# सरहाको देवीदह संरक्षण गर्न आर्थिक अभाव



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लहान नगरपालिका—१७ स्थित देवीदह संरक्षणको अभावमा कुरुप बन्दै गएको छ । पर्यटकीय स्थल समेत रहेको यस क्षेत्रमा बजेट अभावमा पोखरीको वरिपरिका भौतिक संरचना जीर्ण बन्दै गएको छ । पूर्व–पश्चिम राजमार्गस्थित लहान बजारबाट छ किलोमिटर उत्तरतर्फ चुरेका फेदमा अवस्थित यस दहको उचित संरक्षण गर्न सकिएमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने निश्चित छ । देवीदह सामुदायिक वन भित्र पर्ने छ हेक्टर क्षेत्रफलमा फैलिएका यस सिमसार क्षेत्रको संरक्षण र सबद्र्धनका लागि निरन्तर पहल गरेतापनि उल्लेख्य प्रगति हुन नसकेको वन उपभोक्ता समुह तथा देवीदह संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादव बताए । 'यस दह धार्मिक तथा ऐतिहासिक हिसाबले प्रसिद्ध छ । मेला तथा चाडबाडमा मानिसहरुको घुइँचो लाग्ने गर्दछ । भक्तजनले भाकल गरे मनोकाङ्क्षा पुरा हुने तथा रोगव्याधि हटेर जाने जनविश्वास रहेको छ', उनले भने, 'तर बजेट नहुँदा संरक्षण हुन सकिरहेको छैन । बनेका कतिपय संरचनाहरु जीर्ण छन भने कतिपय अधुरै छन् ।' उनका अनुसार पोखरीमा 'जलयात्रा'का लागि रहेका पाँच डुङ्गामध्ये दुई मात्रै सञ्चालनमा रहेका छन् । नेपालका प्रथम राष्ट्रपति डा.रामबरण यादवले आफ्नो कार्यकालमा यस क्षेत्रमा भ्रमण गरि पोखरीको संरक्षणको लागि 'राष्ट्रपति चुरे विकास कार्यक्रम' अन्तर्गत एक करोड ५९ लाख रुपैयाँ बजेट विनियोजन भएको अध्यक्ष यादवले जानकारी दिए । उक्त रकमबाट पोखरी परिसरमा रामजानकी मन्दिर, खानेपानी व्यवस्थापन, लगाएतका काम भएको उनले जानकारी दिए ।
नेपाल पर्यटन वोर्डबाट २०७७ साल भदौ १ गते देवीदह पोखरीको संरक्षण र सौन्दर्यकरणको लागि पाँच करोड २२ लाखको योजना सम्झौता समेत भएको तर कार्यान्वयन हुन नसकेको अध्यक्ष यादवले जानकारी दिए । नगरले आफ्नो तर्फबाट व्यहोर्नुपर्ने ३० प्रतिशत उत्तरदायित्व बहन नगरेकाले आयोजनाले परिकल्पना गरेको लहानको खुट्टीखोलादेखी देवीदहसम्मको छ किलोमिटर सडक कालोपत्रे, पोखरी परिसरमा 'पेभिलियन' भ्यु टावर, क्लीमिङ्ग पुल लगाएतका संरचना अघि बढ्न नसकेको उनको भनाई छ । वर्तमान नगरप्रमुख महेश प्रसाद चौधरीलाई धेरैपटक ताकेता गर्दापनि कुनै सुनुवाई हुन नसकेको उनले गुनासो गरे । देवीदहको विकासका लागि आफुँले सकेको सहयोग गरिरहेको यसै वडाका वडाअध्यक्ष प्रथमलाल चौधरी बताउँछन् । उनले भने, 'वडाको स्रोत र साधन कति नै हुन्छ र । त्यही पनि हामीले सकेको सहयोग गरिरहेका छौँ ।' गत वर्ष वडाको आठ लाख आर्थिक सहयोगमा देवी मन्दिर निर्माण गरेको उनले जानकारी दिए । चुरे क्षेत्रमा भूमिगत पानीको सतह घटदै गएको अवस्थामा यस प्रकारका पोखरीहरुको संरक्षण र सम्बद्र्धनका लागि तीनै तहका सरकारले प्रथमिकता दिनुपर्ने वडाअध्यक्ष चौधरीको भनाइ छ ।

# सर्लाहीका ४७ जना उखु किसान सम्मानित

**मधेशदृष्टि**
**सर्लाही ।**
इन्दु शङ्कर चिनी उद्योगले आधुनिक विधि र प्रविधिको प्रयोगसहित उन्नत जातका उखु उत्पादन गरेका ४७ जना उखु किसानलाई सम्मान गरेको छ । उद्योगका महाप्रबन्धक योग नारायण रजकका अनुसार उखु उत्पादनमा किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले उनीहरुलाई सम्मान गरिएको हो । सम्मानित किसान नगरपालिका–९, विष्णुपुर निवासी उखु किसान पवनदेवी शर्माले उद्योगबाट प्राप्त बीउको प्रयोगबाट उखु उत्पादन बढेको तथा आधुनिक प्रविधिको प्रयोगबाट लागत घट्नुका साथै प्रतिकठ्ठा ५० क्वीन्टलसम्म उत्पादन बढेको बताइन् । विगतमा प्रति कठ्ठा २० क्वीन्टल उत्पादन गर्न नसकेको खेतमा अहिले ६० क्वीन्टलसम्म उखु फलाएको अर्को किसान माधव थापाले बताव्ए । उद्योगका अध्यक्ष राजेश केडियाले किसानलाई खेतीको गुणात्मक विकासमा जोड दिन आग्रह गरे ।

उनले स्थानीय, प्रदेश र सङ्घ सरकारले उखु 'जोन' कायम गरिदिनुपर्नेमा जोड दिए । नगरपालिकाले उद्योगसँग मिलेर उखु किसानको लागि सिँचाइ, प्रविधि र उन्नत बीउविजन उपलब्ध गराउने योजनामा रहेको हरिवन नगरप्रमुख रमेश बुढाथोकीले जानकारी दिए । सर्लाहीमा हरेक वर्ष ६४ हजार हेक्टरमा उखु उत्पादन हुँदै आएको छ । जिल्लाको हरिवनमा इन्दुशङ्कर, धन्कौलमा अन्नपूर्ण र गोडैतामा महालक्ष्मी चिनी उद्योग सञ्चालित छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन